# नेपाल देशको इतिहास

( गताङ्कको बाँकी )

त्यसपछि माहिला साहेबज्यू बहादुर शाहले कुमंत्रीहरूका कुरा सुनी नेपालखंडका सबै खेतमा टांगो हाली नपाए। वसुन्धराको अन्त्य लिएका पापले भारदारहरूका खेलमा परी श्री ५ महाराजबाट "तिमीले मुखत्यारी कामकाज गरेको आजसंमको बही बुझाउनुपर्छ" भनी चांदीका नेल ठोक्ने काम भयो। ती बहादुर शाह नेलैमा मुक्त भए।

तिनै ताका यी महाराजका पालामा अर्थात् शाके १७०९ आश्विन शुदि ९ का दिन काजी शिवनारायण खत्री र सरदार प्रबल रानाले २ कम्पनी फौज साथमा लिई मुक्तिनाथको बाटाबाट गएर जुम्ला जिती सर गरे। शाके १७१२ मा सरदार अम्बरसिह थापा, कपतान गोलैयां, कपतान रणवीर खत्री र सरदार शत्रुसाधन शाहीले कम्पनी २ र कास्कीका द्वारे जयभद्र बोहरा, थरघर, उमराउ-समेत साथमा लिई सुरखेतको लडाईं मारी दैलेख सर गरे। कर्णालीमा खांडो पखाली बाहुन सरदार कालु पांडे र सरदार शत्रुसाधन शाही नेपालतर्फ फर्के। डुम्राकोट र नारीघाटमा भारी लडाईं हुंदा जितेर अछाम र डोटी सर गरी महाकालीमा खांडो पखाले।

काजी जगज्जित पांडे, सरदार अम्बरसिह थापा, कपतान गोलैयां, कपतान रणवीर खत्री, सुब्बा योग मल्ल र फौदसिह रायाले थरघर, उमराउ र कंपनीसमेत लिई महाकाली तरेर कुमाङनेर धोलीमा पुगी ठाना बनाएर बसे। त्यहां महीन्द्रचन्द्रले फौज लिई चढ्दा भारी लडाईं भयो। अम्बरसिह थापा त्यहीं बसे। धौलीका ठानामा लालसिहले फौज लिई चढ्दा उससंग पनि लडाईं भयो। त्यो लडाईं जिती लपेटा दिंदा अल्मोडा सर भयो। अनि कुमाङमा सुब्बा योग मल्ललाई कुरुवा राखी गढ हान्न पुगे। अलकनन्दावार विनातरवारै सर भयो। लंगुडगढीमा भारी फौज लिई राजा प्रतिमन शाही चढ्दा श्रीनगर उल्कागढीमा सुब्बा कालु खवास र वीरे रोकायालाई कुरुवा राखी गोरखाका सबै लश्कर लडाईं गर्न सर्लाङगढीमा पुगे। त्यहां पनि लिगलिगका वराह सगुतालाई कुरुवा राखी जन्त्रखाडमा पुगेर ठाना हाले। पाल्पाली अकरका थूममा बसेका अवस्थामा वैरीको फौज फेरि सलीङगढीमा चढ्यो। त्यहां भारी लडाईं हुंदा लिगलिगका द्वारे रामकृष्ण खत्री समेत वराह सगुता र उमराउ धेरै परे। त्यसै बखतमा कौडेमा पनि वैरीको फौज आई हमला गर्दा सरदार अम्बरसिह थापा, सरदार भक्तसिह थापा र उमराउहरू गई वैरीलाई काटी घपाए। त्यसपछि मोडहाका राजा जगत्प्रसादले कहलुर र हुण्डरसमेत उठाई भारी फौजका साथ गुहार आए। किल्लाबाहिर ठूलो लडाईं भयो। त्यो लडाईं जिती गोरखाका काजी जगज्जित पांडे, सरदार अम्बरसिह थापा, कपतान गोलैयां, कपतान रणवीरसिह खत्री र सरदार भक्ति थापाहरू बसी श्री मोहरसंग घाको बन्दोबस्त

---

गत २३ संख्यासंम प्रकाशित भएको "नेपाल देशको इतिहास" केशरपुस्तकालयमा रहेको हिज हाइनेस श्री केशरशमशेर ज.ब. राणाज्यूको संग्रहको हस्तलिखित पुस्तकबाट उद्धृत गरिएको थियो। उक्त पुस्तक गत २०३० साल आषाढ २५ गते भएको सिंहदरवार सचिवालयको भीषण अग्निकाण्डमा परेको हुनाले यस संख्यादेखि राष्ट्रिय अभिलेखालयमा रहेको राजगुरु स्व. श्री हेमराज पाण्डेज्यूको संग्रहको पुस्तकबाट लिइएको छ। दुवै पुस्तकको अक्षर एकै जनाको र कथानक पनि मिल्दोजुल्दो जस्तो छ।

गरे । प्रतिमन शाही भागे । यस्ता प्रकारले हान्दै र जित्दै गई गोरखालीले हरिद्वारमा खांडो पखाले र श्रीनगरमा आई बसे ।

त्यसै बीचमा भेरीपार महाकालीवार कुल भई वैरीको फौज लडा हुंदा कपतान कालु पांडे र जगज्जित पांडेले १० कम्पनी फौज लिई खूब धावा गरेर कुल्याहाहरूलाई काट्दै रस्ता खोली श्रीनगरमा फर्के ।

तिनै ताका धैंबुङमा चिनियां चढ्यो र "सबै लश्कर आऊ" भन्ने लालमोहर गयो । गढसंग दश हजार रुपियांको नाल चांदी तिर्नु भन्ने बन्दोबस्त बांधी कुमाङमा आएर त्यहां जगज्जित, कपतान कालु पांडे र सुब्बा नरु शाहीलाई कुरुवा राखी अरू सब भारदार र फौज नेपालमा आए । भोटसंग लडाईं गर्न खटिई शाके १७१२ मा जाने यी थिए:– काजी दामोदर पाण्डे, काजी देवदत्त थापा, कपतान बम शाह, कपतान जहरसिंह बस्नेत, सरदार प्रबल राना, सरदार प्रतिमन राना, टकसारी नरसिंह, कपतान श्रीहर्ष पन्त, कपतान नाहारसिंह बस्नेत र कपतान शिवनारायण खत्रीहरूले कंपनी, थरघर र उमराउहरू साथमा लिई पहिले सिखारजुङ हान्न जांदा छेप्यामा ठूलो लडाईं भयो । त्यो लडाईं जिती सिखारजुङ पुगे । त्यहां पुगेकै दिन भारी लडाईं भयो । तैपनि किल्ला फुटेन र फर्के । फेरि सरदार अम्बरसिंह थापा, भोटु पांडे र कीर्तिमानसिंह बस्नेतले केरूङको बाटो गरी जांदा झुंगादेखि वर तीन कोसमा पहिले लडाईं गरी झुंगा सर गरे । अनि अरूलाई त्यहीं राखी ब्रह्मपुत्रमा खांडो पखालेर मुक्ति क्षेत्रको बाटो गरी नेपाल उत्रे । फेरि दिगर्चा हान्न काजी दामोदर पाण्डे, काजी देवदत्त थापा, कपतान बम शाह, जहरसिंह बस्नेत, सरदार प्रबल राना, सरदार प्रतिमन राना र टकसारी नरसिंहहरूले थरघर, उमराउ र कम्पनी साथमा लिई कुतीको बाटो गए । काजी अभिमानसिंह बस्नेत, बाहुन कपतान कालु पाण्डे, सरदार जसिवन्त भंडारी र सरदार रणजित कवर-हरू थरघर, उमराउ र कम्पनी साथमा लिई खार्ताको बाटो गए । झुंगामा ठूलो लडाईं हुंदा कटक बिग्र्यो र फर्की खार्ताको रस्ता जानेसित मिले । वीरवालुवामा लडाईं हुंदा जिती टिग्रीमा र झुंगामा पनि लडाईं जिती त्यहीं बसे । काजी अभिमानसिंह बस्नेत, कपतान कालु पांडे, सरदार जसिवन्त भंडारी र सरदार रणजित कवर थरघर, उमराउ र कम्पनी लिई झुंगाको बाटो गरी कुती पुगे । कुतीको बाटो जानेहरूले लश्कर सरासर दिगर्चामा पुर्‍याई दिगर्चा सब लुटपिट गरे । वैरी जम्मा भई लडाईं गर्न आउंदा सबैलाई रातमा डांक हानी काट्दै र धपाउंदै दिगर्चा लुटेको धन लिई खार्ताको बाटो गरी फिरे । टिग्री र झुंगामा रहेका लश्करहरू चयनपुरमा सामेल भई नेपाल फर्के ।

शाके १७१३ मा फेरि चिनियांको लश्कर आई कुकुर-घाट तर्‍यो भन्ने खबर आउंदा गोरखाका ठाहिला सरदार र सुब्बा प्यूवर लामाले चार कम्पनी फौजका साथमा गई केरुङमा ठूलो लडाईं गरे । कटक बिग्रंदा सरदार र सुब्बा घा लागी फिरे । तमाम लश्कर पनि फिर्‍यो । फेरि सर-दार प्रबल राना, रणकेशर पांडे, भास्कर राना र गजबर शाहीले चार कम्पनीका साथमा गई धैरालीमा ठूलो लडाईं गरे । त्यहां पनि कटक बिग्रेर सरदार घा लागी फिरे, सुबेदार र कम्पनीहरू परे । फेरि स्यांप्रुकमा लडाईं हुंदा त्यहां पनि बिग्र्यो र हट्दै आए । त्यसै दिन काजी दामोदर पांडे, सरदार प्रबल राना र सरदार भारथहरू थरघर, उमराउसमेत भई धुन्छेमा लडाईं हुंदा लडाईं बिग्र्यो र हटी काभ्रेमा चौतरिया श्रीकृष्ण शाह, चौतरिया बम शाह, काजी अभिमानसिंह बस्नेत, काजी धोकलसिंह बस्नेत र सरदार शत्रुसाधन शाहीहरू भएका जगामा सामेल भए ।

यसै बीचमा शाकै १७१३ मा किराती मुलुकमा लिम्बूहरूले कुल गर्दा अघि सरदार बदलसिंह बस्नेत सुब्बा पूर्ण पाध्या, र सुब्बा अदलज्यू कम्पनीसमेत लिई विजयपुर गएका थिए । वैरीको लश्कर भारी छ भन्ने अर्जी आउंदा श्री ५ सरकारबाट काजी देवदत्त थापा, सरदार प्रतिमन राना, सुब्बा निधिरत्नज्यू, कोसत आले, श्रीनाथको सुबेदार बक्तवारसिंह बस्नेत, पुरानागोरखको सुबेदार अम्भोज खवास, बरखको सुबेदार अम्बरसिंह थापा र रणभीमको सुबेदार दशरथ खत्रीहरू खटिए । उनीहरू फौज साथमा लिई अघि गएका लश्करमा सामेल हुन पुगे । सिद्धिपुरमा दुइतर्फको ठूलो लडाईं हुंदा वैरीका फौजलाई साफसंग काट्दै धपाई कनकामा खांडो पखालेर कद्रुहीमा आई बसेका थिए ।

त्यसै बीचमा चिनियां फौज आई धैबुङमा ठाना हाली बस्यो । कुरुवा लश्कर त्यहाँ राखी तिमीहरू रातारात गरी

आऊ भन्ने लालमोहर गयो । सरदार बदलसिंह बस्नेत र चार कम्पनी फौज त्यहाँ कुरुवा राखी अरू उमराउ, भैभारदार र लश्कर गैह्र रातबेरात गरी नेपालमा सामेल हुन आए । लडाईंको निम्ति खटिएका काजी दामोदर पांडे, काजी प्रबल राना, सरदार भारत र सुबेदार जरवरहरूले थरघर, उमराउ र कम्पनीसमेतको भारी फौजका साथमा गई पहिले चोकदेमा ठाना हाली बसे । चौतरिया श्रीकृष्ण शाह, चौतरिया बम शाह र सरदार शत्रुसाधन शाहीहरूले कम्पनी फौजका साथमा चलेङबारीमा ठाना हाली बसे । काजी कीर्तिमानसिंह बस्नेत, काजी देवदत्त थापा, सरदार प्रतिमन राना, सरदार शिवदत्त भण्डारी र काजी नाहरसिंह बस्नेतले थरघर, उमराउ र कम्पनीसमेतको फौज साथमा लिई गेर्खुमा ठाना जमाए । उता चिनियाँको भारी लश्कर धैबुङ्मा ठाना हाली बसेको थियो ।

त्यसै अवस्थामा काजी रणजित पांडे, कपर्दार भोटु पांडे, टकसारी दर्रसिंह, रामदास पन्त र मणिराम लामा दोभासे भई घा गर्न गए । भेट भई कुराकहानी हुँदा "यहाँ बस्दा पानीको असजिलो भयो, गेर्खुटारमा डेरा गरी बस्न देऊ र सबै कुराको बन्दोबस्त उहीं गरौंला" भनी चिनियाँ तर्फका काजी धरिन र काजी तुथ्वाङले भने । "के गरे बेश होला" भनी काजी रणजित् पांडे साध्न नेपाल पुगे । उनले "विकट जगामा लगी एक लडाईं गरेर नजिती घा हुने ढबल छैन" भनी विन्ति गरे । श्री ५ सरकारबाट रामदास पन्त र मणिराम लामालाई "तिमीहरूले विकट जगाको बाटो वैरीलाई लगी आफ्ना लश्करले हान्न लाउनू र तिमीहरूले पनि हान्नू" भन्ने हुकुम भयो । लश्करमा सोही बेहोराको लिखत पनि गयो । रामदास पन्त र मणिराम लामा पनि नेपालबाट बिदा भए । अनि चिनियाँ फौज बसेका ठाउँमा चिनियाँ काजी तुथ्वाङ र धरिनसंग गई 'हाम्रा महाराजबाट हुकुम भएको छ, तिमीहरूलाई गेर्खुटारमा डेरा दिन्छु, हिंड" भनी उनीहरूले भने । अनि आफू अगुवा भई केहीं लश्कर भीरको बाटो गरी चोकदेवमा लगे । मणिराम लामाले केही लश्कर भीरको बाटो गरी दुधेथुकातर्फ लगे । एक लामाले औताई खुस्कन खोज्दा रामदासका पाखुरामा समात्यो । यस वेलामा एक लडाईं नजिती घा बस्ने छैन भन्ने संकी उनले आफ्ना तर्फका फौजलाई साह्रो गरी हाक पारे । एक खलक बन्दूक छाडी काजी दामोदर पांडे र सरदार प्रबल रानामेत सबै लश्करले हान्दा वैरीहरू साफ गरी काटिए । फेरि वेत्रावतीको पुल तर्न लागेका बखतमा सिक्री चुंडालिदिदा चिनियाँको लश्कर केही पुलबाट खसी वेत्रावतीमा बगे । यस्ता प्रकारले चिनियाँको लश्कर धेरै नाश भयो । गोरखालर्फका रामदास पन्त पनि परे । त्यसपछि घाको कुरा हुँदा गोरखालीहरूको सुन्याइं र तरवारदेखि चिनियाँ फौजका काजी तुथ्वाङ बहुत खुश भए । "अब उप्रान्त नेपालका महाराजबाट भारदारसमेत पैंतालीस जना मानिस जम्मा भई पाँच वर्षमा एक फेरा आफ्ना मुलुकको चीजबीज लिई श्री ६ चीनबादशाहका हजुरमा दर्शन गर्न आउनू" भन्ने बन्दोबस्त बांधे । त्यही बेहोराको घा गरी जो बाँचेका चिनियाँ फौज लिएर काजी तुथ्वाङ चीनतर्फ फर्के । यहाँदेखि चीनमा जानुपर्ने रीत भएको हो ।

शाके १७१४ सालमा सर्वप्रथम काजी देवदत्त थापा र सरदार प्रतिमन राना नेपालको चीजबीज र सरसौगात सहित श्री ५ महाराजको खल तारपत्रसमेत लिई चीन पुगे । त्यहाँ बादशाहको दर्शन गरी उहाँबाट पाएको चीजबीज र सरसौगातका साथै बादशाहको अहदपत्रसमेत लिई नेपाल आइपुगे । श्री ५ महाराज रणबहादुर शाहको दर्शन गरी सबै विस्तार विन्ति गरे । तिनै ताका "बौद्ध अवतार भयो" भनी मारानालाका भोटेहरूले कुल गरी महामण्डलमा ठाना हाले । सो खबर सरकारमा आइपुगी पक्रन फौज पठाए । मुद्दा भोटेहरूलाई पक्री र त्याई कसैलाई शूली हाले, कसैलाई झुन्ड्याए र कसैलाई काटी मारे ।

यी महाराजबाट धर्मकीर्ति के के भयो भने दिगर्चा लुटेर ल्याई ढुकुटीमा थन्क्याएको दौलतले नवकोटका श्रीभैरवीको देवालयमा सुनको छाना लगाइयो । फेरि ठूला पर्वमा सहस्र योगदानहरू भए । पंचलिंगभैरवका स्थानसमीपमा ब्राह्मण, अभ्यागत र गरीबगुरुवाहरूलाई वारंवार भण्डारा दिइयो । शनिवार शनिवार श्रीपशुपतिनाथमा धेरै दहिच्यूरा लुटाइयो । श्रीपशुपतिनाथमा दहिच्यूरा दिने सदावर्त पनि राखियो । ठाउं ठाउंका प्रजाहरू जम्मा गरी टुंडिखेलमा श्रीजगन्नाथजीको वृहत् देवालय बनाए । असंभव हुनाले भत्की सिद्ध भएन र फेरि अर्को बनाए । गजूर राखेको थिएन र त्यहां आगम राख्न ललितपुर गाबहालका निर्जरानन्द पाध्याका हातबाट पूजा गराए । ती जगन्नाथको पूजाहारी पनि तिनैलाई गराउंला भनी नांगो गराई स्वामी

भनी नाउं राखे । पछि आगमदेवता ललितपुर पुलचोकका पूर्वपट्टि राखेको अद्धतक छदैछ । श्रीपशुपतिनाथका कवच जीर्णोद्धार गरी बनाए । श्रीगुहयकाली, श्रीबज्रयोगिनी, श्रीचांगुनारायण, श्रीदक्षिणकाली, श्रीतलेजू, श्रीदिगन्तली र श्रीलुमडी यी सबै देवतालाई गुजराती बाजा चढाई महा-पूजा, सदाबर्तलगायत अनेक कृत्य गर्ने अनेक गुठी राखि-दिए । श्रीपशुपतिनाथमा पूर्णिमाप्रति महास्नान गर्ने गुठी राखिदिए । दरबारका अगाडि सुवर्णको ठूलो मूर्ति भएका भैरवको एक शिर बनाई इन्द्रयात्राका पूर्णिमाका दिनदेखि दुइ तीन दिनसम्म वारुणीधारा मुखबाट बहाई प्रजाहरूलाई सम्रहेसमेत खुवाउने रीत गरी गुठी राखिदिए । दरबारकै अगाडि ठूलो नगरा र ठूलो घण्टा बनाई चढाए । राजा जयप्रकाश मल्लका पालामा बालाज्यूका धारा बनेकोमा यी महाराजबाट बीचमा एक ठूलो धारा बनाई बसाए ।

एक दिन श्री ५ महाराजबाट मिश्रपुत्रीलाई ल्याई दरबारमा भित्र्याएर रानी तुल्याई राखियो । दैवसंयोगले उनमा श्री ५ गीर्वाणयुद्धविक्रम शाह पुत्रको जन्म भयो । शास्त्र हेर्दा महालक्षण भएका राजा हुन योग्य ठहरिंदा महाराज बहुत खुश भए । नेपाली संवत् ९१८ साल श्रावण महीनामा ती पुत्रलाई राज्याभिषेक दिने मन गरी गुरुपुरो-हित र भारदारहरूसंग सल्लाह भयो । "हजुर छंदाछंदै अहिले केको हुड्बड छ ? राजकुमारको उमेर पूरा भएपछि गादी बक्सिएला" भनी कसैले विन्ति गरे । कुनै भारदारले भने "हजुरको इच्छामाफिक गरिबक्सियोस्" भनी विन्ति गरे । यस्ता प्रकारका कुरा बराबर हुन्थे । यसै बीचमा कुनै भारदारले गादीको खलबल पर्ने कुराको उठान गरे । त्यसकारण यिनीहरूलाई पक्री चौतरिया कुलचन्द्र शाह र पहलमान शाहीका छोराहरूलाई आंखा बन्द गरी काना तुल्याइदिए । त्यसपछि मेरा सजीवै राजकुमारलाई गादी र टीका दिनपर्छ भन्ने मनले ठहराई विक्रम संवत् १८५६ शाके १७२१ नेपाली संवत् ९१९ साल फागुन शुदि २ का दिन श्री ५ महाराज रणबहादुर शाहबाट अठार महीनाका बालक पुत्र राजकुमार गीर्वाणयुद्धविक्रम शाहलाई राज्याभिषेक दिए । त्यसरी राज्य दिंदा भएको लालमोहर तामापत्रको बेहोरा यस्तो थियो :–

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधवीरुदावलि विराजमान मानोन्नत श्रीमन्महाराजा-धिराज श्री श्री श्री महाराज रणबहादुर शाहबहादुर शमशेरजंगदेवानां सदा समरविजयिनाम् । आगे गुरु पुरोहित चौतारा काजी भारा थरघर प्रजा चार वर्ण छत्तीस जात गैह्रप्रति मैले राज्यको भोग जति गर्ने हो गरें, अब उप्रान्त संसार त्याग गरी परलोग सुधारनाका निमित देवतापर भक्ति लगाई तपस्या गर्दछु । राज्यका संभारलाई मेरा इच्छाले श्री कान्छीरानीतिरका पुत्र गीर्वाणयुद्धविक्रम शाह-लाई मेरा भरमुलुकको रजाइं गादी बक्सें । श्री गुरु पुरो-हित भारा थरघर प्रजा पश्च चार वर्ण छत्तीस जात सबै गैह्र छोटा बडाले जस्ता तरहसंग आजसम्म मेरा हकुममा चली मानिरहेका थियौ, आज उप्रान्त त्यसको द्विगुणा गरी आफूले गरे लेखेको कबूल धर्म संकी निमकको भाउंदो गर्नाको बन्देज सवाल लेखिबक्सें ।

**चौताराले गर्ने काज:–**

काजीहरूको जागिरी बहाली बर्खासी गर्दा जो घा घर सार्छ, कटक बिगार्छ उसैलाई श्री राजाका हजुरमा विन्ति गरी हुकुम लिई खोस्नू । निमकको साकी, बुद्धिमन्त, चतुर, शूरो, काजलायक, मन्त्रणामा पोख्त भएको मानिसलाई तजवीज गरी थामिने पगरीसित मतो गरेर श्री राजाका हजुरमा विन्ति पारी हुकुम लिई दर्शन गराउनू । काजी-हरूले निमक छाडी कामकाज बिगार्नामा पसे बुझी निश्चय ठहराएर श्री राजाका हजुरमा बिन्ति गरी हुकुम लिएर बिराउमाफिकको शासना गनू । ढुंगाको सप्रने, बन्ने कुरा हजुरमा पनि विन्ति गर्नू । काजी, भारालाई पनि बन्ने, सप्रने कुरो भन्नू ।

**चार काजीले गर्ने काज:–**

चौतारालाई मतोमा राखी चार काजीले घा घर सार्ने, कटकने जो परिआउदछ निमक र आफू आफूले लेखको तामापत्र संकी ढुंगाको बन्ने, सप्रने सब काम सल्लाहसित काज गर्दा रानीछेउ विन्ति गरी गर्नू । पूर्व पश्चिमका संभार र मुलुकका बन्दोबस्तलाई चार काजीका लायक भाइ भाइ दुइमा एकाले सरदारसमेत भई पश्चिम र एकाले सरदारसमेत भई पूर्व गई अर्थ २।२ का पालासंग बस्नू ।

श्री राजा जान्ने नहुन्जेल सबैले मिलिरहनू । पेटमा कत्ति कपट नराखी सबै मिलेर सुमता भई काज गर्नू । दुखे–

बाहेक सबैले दरबार आई एकै कचहरी, एकै गोल भई परिआएको कुरो गर्नू । कचहरीबाहेक अन्त बसी फाटफूट भएर कसैले कसैसित कुरा नगर्नू । घरमा काज नभई काज छ भनी र नदुखी दुखेको छ भनी ढाँटी घर नबस्नू । भैया-तसंग मिल्ने मतोजतो गर्नू । काज परिआएमा असल जातका भैयादसग लडाईंको काजबाहेक अरू घरसारको काजमा मतोजतो नगर्नू । सुपाठ खेल्नेलाई कचहरीमा पनि राख्नू, काज पनि लाउनू । जे परिआएको काम जानी बुझी नलम्याउनू, चाँडो छुट्टी गर्नू । जोसुकैले होओस् बेश बढ्ने, आमदानी हुने र बढिया बन्ने कुरा गरे सानातिनाको कुरा पनि सुन्नू । चाँहिदो जारी गर्नू । निमकका सोझा बढिया बढिया अकलदार मानिसहरूलाई बढिया काम सिकाउनू । कचहरीमा पनि राख्नू । लेखे बाँधेका बन्देजमा नरही बिराम गर्नेलाई श्री राजाका काममा काजी सरदारले अह्राएको नमान्ने भैयादभित्र पर्ने घरघर कुरा कागज हिंडाई राजिक गरी खेल मच्चाउने, लाएको काज छोडी उल्टो काज गर्ने, आफूसमा झगडा गरी खवामितको बिगार्ने, आफ्ना देश र दरबारको छेदभेद बिराना मुलुकमा लेखपढ गर्नेहरू-लाई र घूस खाने, अन्याय गर्ने, विचारीलाई तथा आएको काज नगर्ने, अरू अरू भित्र पस्ने, काफर सुबेदारहरूलाई काजीले चौतारालाई राखी ठहराई हजुरमा विन्ति पारेर बिराम र जातविशेष हेरी काट्नेलाई काट्नू, धार्नेलाई धार्नू, मुड्नेलाई मुड्नू, आँखा झिक्नेलाई आँखा झिक्नू, देशनिकाला गर्नेलाई देशनिकाला गर्नू । चौतारा काजीहरूले पनि यति सबै कुराको संझना राखी बुझ विचार गर्दै रहनू ।

अरू कुनै नयाँ ठूला काज परि आउँदा गादीको बन्ने र सप्रने तथा पगरीलाई यश हुने कुरा भाराका संमतिले रानीको हुकुम सिएर आंटी गर्नू । मुलुक सब आवाद गराउनू । बढकरार थांमी कालाबन्जार बसाउनू । कुलो लाग्ने ठाउँमा खेत बिराउन लाउनू । मुलुक गुल्जार गराई रैयत राजी राखेर जम्मा बढाउनू । बिजाईं र बढ्ता कलम चढाई रैयल पिराएर रकमै बिगार्नेलाई माल सबै सोखत गरिलिई हात काटेर नानातरहको शास्ती गर्नू । हरकारो-बारी काजीले दरबारैमा आफ्नो जिम्मामा राख्नू । चिठी रुक्का बारे काजीले जाँची मोहर गराउनू । श्री राजाको बन्ने सप्रने काजकुरो आफूले जानेबुझेसंम बोलविन्ति र बढिया काज गर्नू । जुन पगरीको जुन काम गर्ने अधिकार हो त्यो काज उसै पगरीबाट गराउनू । उसका हातबाट नपुगिआए काज पुऱ्याउन सक्ने लायकको मानिसलाई पगरी दिई काज लाउनू ।

अर्काको रकम काम दबाउन भित्याउन कसैलाई नदिनू । जति बाटा बन्द गरेका छन् त्यसमा अरू निका मानिस राखी झिकाइपठाएबाहेक अरू कसैलाई आउनजान नदिनू । कुनै नासीभागी जानेलाई जान दिए छोड्नेलाई काटिदिनू । कर्ता रानीको हुकुम लिई चौतारा काजी बसी पजनी गर्दा निमकको सोझो, शूरो, कसैसित मित्र नपसेको, राजैको भाउंदो गर्नेलाई थाम्नू । बखेडा गर्ने र काज नआउनेलाई खोसी बिराममांफिक काट्नेलाई काट्नू, धार्नेलाई धार्नू र शास्ती गर्नेलाई शास्ती गर्नू ।

सरदारले चार काजी र चौताराका सल्लाहसित अघि-बमोजिम थरघर उमराउको पजनी गर्दा लायकको शूरो हेरी थाम्नेलाई थामी खोस्नेलाई खोस्नू । गढ गौंडा बनाइ-राख्नू । घरानियाँ जान्ने, बुझ्ने र धर्म चिन्ने जाँचिएका मानिसलाई गौंडामा राख्नू । परिआएको सानो ठूलो काज चौतरिया काजीका सल्लाहले गर्नू ।

वल्लभ वैद्य, अन्नवल्लभ वैद्य, राधावल्लभ वैद्य, एकदेव वैद्य, झिल्लीझंकार वैद्य, सांढे वैद्य, भिलमहा वैद्य र आनन्द वैद्यले बिहान बेलुका रोजिन्दा २ बेर सब परिवारको नाडी हेरी संचोविसंचो विचार गरी व्यथाअनुसारको औषधी शास्त्र हेरी ठहराएर बनाई टक्र्याउनू । भान्सा, कोट, भण्डारमा पनि सुसारे केटाहरूलाई ज्यूनारलाई यस्तो चीज टक्र्याउने भनी उर्दी दिनू ।

सांढे वैद्यले आफ्ना कुलदेवतालाई चोखीनिती र भाव-भक्ति गरी नखुन्स्याएर प्रसन्न राखी मेरा परिवारको रख-रक्षा गर्दै रहनू । देवता खुन्सिएका छन् र आउँदैनन् भनी रखरक्षा गर्नामा कपट राखी पछि सर्ने नगर्नू । सुत्न र भात खान पालोसंग जानू । अघिपछि सबैले हाजिर रहनू । आफूले आनेसम्मको पेटमा कत्ति कसर नराखी तरह तरहको बढिया भारी औषधी बनाउनू । पथकुपथको पनि विन्ति गर्दै रहनू । आफूसमा कपाल हालाहाल गरी औषधी ठह्याउने र टक्र्याउन बेर गर्ने र चित्त लगाई औषधी नगर्नेलाई जातविशेष हेरी काट्नेलाई काट्नू, मुड्नेलाई मुड्नू, आँखा काट्नेलाई आँखा काट्नू ।

यस्तो बेहोराको संवत् १८५५ साल माघ शुदि १५

रोज ४ का मितिको भारदारहरूका नाउंमा भएको तामापत्र पनि श्री पशुपतिनाथका दक्षिणदरवाजामा टांसे । यसपछि श्री ५ स्वामी रणबहादुर शाहबाट केशरिया मोहर तुल्याई चलाइयो । यस अधि उनले २२ वर्षसम्म राज्यको भोग गरे ।

## गीर्वाणयुद्धविक्रम शाह

यिनका पुत्र श्री ५ महाराज श्री गीर्वाणयुद्धविक्रम शाहको राज्य भोग वर्ष २० । यी महाराजका रानी सिद्धिलक्ष्मीदेवी र गोरखाराजलक्ष्मी थिए । त्यसपछि महाराज रणबहादुर शाहले आफ्नो नाम श्री परम निर्गुणानन्द स्वामी भनी प्रख्यात गराए । आफ्ना रानीलाई पनि स्वामिनी कहलाए । नरदेवीका लम्बकर्ण भट्टका सन्तान विद्याकर भट्टसित पूर्णाभिषेक दीक्षा ग्रहण गरे । अनि देवपत्तनमा श्री पशुपतिनाथका शरणमा गई तीन महीनासंम उहीं वास गरे । त्यहाँ ठूलो बगैंचा बनाई श्री पशुपतिनाथलाई प्रीतिपूर्वक चढाए । सो बगैंचा बनाउँदा प्रजाहरूका बत्तीस घर मासिएको हुनाले त्यसको सट्टा अन्यत्र घरखेत र रुपियाँ सट्टा दिए । त्यहाँ साँढेहरूलाई पालनपोषण गरी बराबर लडाईं तमाशा गर्दथे । वानरहरूले दुःख दिए भनी धेरै वानरहरूलाईं र गिद्ध बिरालाहरूले अपशकुन गरे भनी गिद्धहरूलाई चारैतर्फबाट सिनु राखी झिकाएर अनेक तरहले शास्तीशासना गर्दथे र मार्दथे । स्वामिनीलाई रोग प्राप्ति हुँदा त्यहाँ निको भएन र देवपत्तन छाडी केही दिन पाटनमा बसे । पाटनमा बस्दा पनि स्वामीज्यूको स्वभाव उस्तै हुँदा बराबर चारै दिशाबाट गिद्ध झिकाई तिनीहरूलाई नानाप्रकारको दुःख दिई मार्दथे ।

यही साल अश्विन वदि १२ रोज ६ का दिन स्वामीज्यू कान्तिपुर आई स्वामिनीको रोग निको होओस् भन्नाका निमित्त तीनै शहरका ब्राह्मण, अचार र गुभालहरूलाई बोलाई जप, पाठ, पूजाहरू गराए । साथै हजार गोदान पनि गराए । तैंपनि स्वामिनीको रोग निको नहुँदा हररोज तेल पकाई त्यसमा कूचो चोभी वैद्यहरूलाई त्यही तेल छिट्केर शास्ति दिन्थे । ठाउँ ठाउँमा असंख्य धन खर्च गरी नानाप्रकारले पाठपूजा गराए । ब्राह्मण, संन्यासी र फकीरहरूलाई दक्षिणा दिई पचलीका चौरमा तीन भण्डारासमेत खुवाए ।

तिनै ताका एउटाले "कालपुरुष जगाई दान गरे आराम हुन्छ" भनी विन्ति गऱ्यो । राजपुरोहितलाई "जगाउन सक्नु हुन्छ कि ?" भन्ने हुकुम भयो । उनले सक्दछु भनी विन्ति चडाउन सकेनन् । पाटन गाबहालका श्रीकण्ठानन्दोपाध्यायलाई बोलाएर "अघि परम्परादेखि चलेको रीत जान्ने तिमीबाहेक अरू छैनन्, तसर्थ यो कालपुरुष तिमीले जगाउनुपर्छ" भन्ने हुकुम भयो । उनले जगाउने कबूल गरी आफ्ना माहिला छोरा अमृतानन्द उपाध्यायलाइ विधि सिकाएर प्रतिष्ठा गर्न पठाए । मन्त्रका जोरले चार दिन प्रयोग गर्दैमा कालपुरुष जगाइदिए । स्वामीज्यूबाट कालपुरुष जागेको नजर भयो र प्रतिष्ठा भयो भनी प्रयोग थमाई सरदार इन्द्रवीर बस्नेत पठाएर कुनै दक्षिणी भट्ट डाकी त्यो कालपुरुष दान दिए । ती प्रतिग्रह लिने भट्ट तुरुन्त अंगार घसे जस्ता काला भए । उनले कालपुरुषलाई लोटाउन सकेनन् । अनि ती भट्टका गुरु आई येपा वैष्णवीपीठमा लगेर आफ्ना मन्त्रका जोरले बल्लतल्ल आठ दिनमा त्यस कालपुरुषलाई लोटाई आफ्ना शिष्यलाई बचाए । स्वामीज्यूले कालपुरुष जगाएको खुशियालीमा अघि श्री ५ पृथ्वीनारायण शाहबाट नेपाल प्रवेश गर्दा हरिदिएको कीर्तिपुरको खेत ३ फोइदिए । पाटनका तलेज्यूको प्रतिष्ठा यिनैका पुर्खाबाट भएको भए तापनि पूजाहारी खोसिएको थियो । त्यो पनि ५५ साल भाद्र वदि ८ रोजमा फोइदिए ।

यस्ता प्रकारले हरेक किसिमबाट उपाय गर्दा पनि निको नभई व्यथा बढ्दै गयो र नेपाली संवत् ९२० साल कार्तिक शुदि ४ रोज ६ का दिन श्री स्वामिनी श्री पशुपतिनाथ आर्यघाटमा मुक्त भइन् । स्वामीज्यूले स्वामिनीज्यूको चोलो गलामा कुण्डचाई तोपले हनाई मर्छु भन्दै भूमिमा पल्टी पल्टी बहुतै विलाप गरे । आफ्ना राज्यभरका प्रजाहरूलाई मुण्डन गर्न लगाए ।

त्यसपछि स्वामिनीका विरहले चित्त स्थिर नहुँदा बराबर भ्रमण गरी ठाउं ठाउँमा नानातरहका कुकर्म गरे । पहिले कान्तिपुरका तुलजा भवानीका स्थानमा कसैलाई जान दिएनन् । पछि ती तुलजा भवानीलाई उखेली फाल्नू भन्ने हुकुम हुँदा खडानन्द बाहुन उखेल्न भनी स्थानका भित्र गए । त्यहाँ अन्धकार भई आँखाले तुलजादेवीलाईं ठहराउन नसक्दा देवताहरूमध्ये एउटा मूर्ति उठाई ल्याए र त्यस मूर्तिलाई संस्कार गरी फ्याँकिदिए । भादगाउंका वेताललाईं

पनि बन्चराले चिरी नरककुण्डमा हालिदिए। करवीरमसानको पनि विध्वंस गरे। सिंभूकी बुढियालाई पनि गुहुको धूप दिई उखेली बिगारेर फ्याक्न लगाए। यस्ता प्रकारले धेरै ठाउँमा उपद्रव गरे।

यसै साल आश्विन शुदि ३ रोज ४ का दिन पाटनका कैगुक्वाठमा बनाएका देवताका मूर्तिहरूलाई यात्रा गरी स्थापना गरे। यसै सालमा कुम्भेश्वरका लिंगमा खटिरा निस्कंदा यी स्वामीज्यूले नरक लेपन गरी पूजा बन्द गरिदिए। श्री ५ महारानीबाट थाहा पाउँदा पूजा चलाइदिइन्। त्यो खटिरा पाकी पीप निस्किरहेको देख्दा श्रीकण्ठानन्द उपाध्यायले विचार गरी खटिरामा बराबर इलाज लगाइदिए र महीनादिनमा निको गराए। यस्ता तरहले ठाउं ठाउंमा नष्टभ्रष्ट गर्नाको कारण के हो भने अघि स्वामिनीको रोग निवारण गर्नाका लागि देवदेवताको नानाप्रकारले पूजा गर्दा पनि निको नभई स्वर्ग्य भएकी हुनाले यी देवदेवताका पूजाले के हुने रहेछ र ? भन्ने संझी आफ्नी अति नै प्यारी स्त्रीरत्न हरण भएका विरहले मनमा रिस लिई विध्वंस गरेका हुन्। संसारी भएपछि छोटा बडा सबै प्राणीले ईश्वरले जस्तो अवस्था पारे पनि त्यस अवस्थामा रहनैपर्ने रहेछ। चीन र फिलंगीलाई धक्का दिई अरू चारै दिशाका राजाहरूलाई जिती राज्य गर्ने यस्ता पराक्रमी यी राजाले पनि आफ्नी प्राणभन्दा प्यारी स्त्रीरत्न जांदा केही नलागेर त्यसै रहनुपर्‍यो। त्यसपछि यी स्वामी महाराजले स्वामिनीका नामले सबै प्रजाहरूलाई भोज खुवाए। अघि बनाएको जगन्नाथको देवल अग्लो भएन भनी भत्काएर फेरि बनाउन लगाए। पाटनका कुम्भेश्वरको धारा बन्द भइरहेको हुँदा खोलिदिए।

यसै साल वैशाखमा मत्स्येन्द्रनाथको रथ ढल्यो। यिनै ताका श्री ५ महाराज गीर्वायुद्धविक्रम शाहलाई भारदारहरूले मतोजतो गरी नवकोटमा पुर्‍याए। स्वामीज्यू पनि भेट्न बराबर जान्थे। यसै बीचमा चैत्र वदि ७ का दिन "श्री स्वामीज्यूलाई पक्री बन्धनमा राख्ने भन्ने महारानीप्रभृति भारदारहरू जम्मा भएर सल्लाह गरी धर्मपत्र गरेको मैले देखें" भनी नवकोटबाट रातारात गरी आएका बलभद्र शाहले स्वामीज्यू बसेको ठाउं पाटनमा पुगी सबै विस्तार गरे। अनि त्यस्तो खबर सुन्दा स्वामीज्यूले बहुतै क्रोध गरी पाटन शहरका सबै प्रजाहरू विष्णुदेवालयमा जम्मा गरे। "प्रजा हो ! भारदारहरूले मलाई समाती नेल ठोक्ने आंट गरे भन्ने खबर आयो। मेरो पुत्र बालक छ। रानी स्त्रीको जात। यस्ता बखतमा मलाई यस्तो गर्न इच्छा गर्ने यी सबै साइंधुवा हुन्। अब मैले उनीहरूसित युद्ध गर्नुपर्‍यो वा काशी जानुपर्‍यो। अब यस्ता बखतमा तिमीहरू मलाई गुहार दिन्छौ कि काशी जान बिदा दिन्छौ ?" भन्ने हुकुम भयो। प्रजाहरू सबैले एक बोल गरी "हजुरको गर्धन तल, हाम्रो गर्धन माथि पारी मद्दत दिन्छौं" भनी विन्ति गरे। स्वामीज्यूले लडाईं गर्ने इच्छा गरी 'आफू फेरि म राजा भएं" भनी पाटनमा बसी पजनी गरे। अघिको सब पजनी उल्टियो। अनि कान्तिपुरमा रहेका खरखजानाहरू सबै झिकाई पुलचोकमा एक गढ र पकनाजोलमा एक गढ बनाए। आफू पुलचोकमा बसेर कम्पनी जमाई प्रजाहरूलाई खातिरजामा दिए। जो भएका भारदार र काजीहरूलाई धर्मपत्र पनि लेखाए। वैशाखका पूर्णिमाका दिन श्री स्वामीज्यू र श्री जेठामहारानी भई आफ्ना नामले मोहरमा टक मारी चलाए पनि। त्यस बखतमा प्रजाहरूलाई पोता साहपाल आदि गरेका बाईस रकम माफ दिए। फेरि स्वामीज्यूबाट थूम थूमका अमाली द्वारेका नाउँमा यस्तो मोहर पनि गयो।

आगे तिमीहरूका अम्बल अम्बलका जागीरे, ढाक्रे सिपाहीले ढाल, तरवार, घन, बर्छा, बन्दूक, पंचहतियार लिई र सिपाहीबाहेक ब्राह्मण, प्रजा, योगी, संन्यासी, चार वर्ण, छत्तीसै जातले कोदाला, बन्चरा लिई वैशाखका १९ दिन जाँदा शहर पाटनमा आइपुग्नू, नआए अपसरिया होला, सर्वथा सर्वथा भन्ने वेहोराको ५७ साल वैशाख शुदि १ रोज ५ का दिन ठाउं ठाउंमा उर्दीको लालमोहर पठाए। अनि चौतरिया बलभद्र शाह, चौतरिया विदुर शाह, काजी प्रतिमन राना, काजी जहरसिंह, काजी रणकेशर पांडे, सरदार कालु पांडे, सरदार अम्बरसिंह थापा र सरदार भैरवसिंह यति ९ जनालाई दस्तखत गरी ठाउं ठाउंमा पठाए।

फेरि ५७ साल वैशाख वदि १३ रोज २ का दिन "शार्दूलजंग कंपनीका जमादार, हवलदार, अमलदार, कोते, मेजर, अजिटन, सिपाही गैह्रके आशीष उप्रान्त श्री स्वामीज्यूलाई मानेको छ। श्री नानी गीर्वाणयुद्धविक्रम शाहको र हाम्रो भलो चिताउंछौ त हाम्रो रुक्का देखत सामेल हुन

आऊ, श्री स्वामिज्यूपछि खेली कुल्याहा भारदारहरूलाई र तिम्रा कम्पनीका सुवेदारलाई राजा मान्यौं भन्छौ त हांक पारी पठाऊ" भन्ने शार्दूलजंगलाई र अरू ठाउं ठाउंमा समेत श्री जेठामहारानीबाट रुक्का गयो । यसै दिन पुरानाश्रीनाअका नाउंमा पनि 'श्री मेहर, शार्दूलजंग र सिहनाथ जहाँ झिकाएको छ, तिमीहरू त्यहाँ रहनू । नानीको संभार गर । वैशाखका दिन २० मा आउला । त्यहाँ रहने मानिसहरू घटिया छन्, नानीको संभार बहुत तरहसित गर्नू । रातदिन हरबखतको खबर विनति गरी पठाउने काम गर । खातिरजामासंग रहनू सर्वथा" भन्ने बेहोराको यिनै महारानीबाट रुक्का गयो । यस्तै तरहसित खबरदारी र होशियारी गरी लड्नाको तयारीमा थिए । नवकोटका प्रजाहरूलाई पनि खातिरजामाको बेहोरा लेखी पठाए । भारदारहरूले नवकोटबाट आई जितपुरमा ठाना बनाएर चौकी राखे । श्री ५ माहिलामहारानी मात्र नवकोटबाट पाटनमा आइन् ।

यता स्वामीज्यूले भने पटनाबाट ल्याएकी रानीलाई विवाह नगरी त्यसै दरवारमा भित्र्याए । अनि पाटन चौकोटमा बसेका प्रजाहरूलाई जम्मा गरी पुलचोकमा गढ बनाएर ठाउं ठाउंमा तोप छानी लड्ने तयारी गरे । त्यसै दिन सबुज कम्पनी पनि खटिई कान्तिपुरमा गयो ।

अकस्मात् स्वामीज्यूको मनमा अर्कै विचार आयो । "बाबु र छोरा लड्नु धिक्कार हो । हामी भारदारहरूका खेलमा पर्‍यौं । अब यहाँ बस्नु ठीक छैन" भनी संवत् १८५७ साल वैशाख शुदि १० रोज ५ का दिन ७ घडी रात जांदा पुलचोकका महलबाट उठी दरवारमा रहेका रानीहरूलाई समेत खबरै नदिई आफ्ना साथमा हरदम रहने भीमसेन थापाहरूलाई साथमा लिएर टेकरको बाटो गरी श्री स्वामीमहाराज काशीतर्फ लागे । महारानी १ र भित्रिनी ३ जम्मा ४ स्त्रीहरू रातारात गरी उनका पछि पछि गए । ज्येष्ठ शुदि ५ का दिन काशीमा पुगे । त्यहाँ रहँदा बस्दा सब कामकुरा र बातबेहोरामा भीमसेन थापाले रिझाएका हुनाले उनलाई ५९ सालमा मुखत्यारी काजी मान दिए ।

यता वैशाख शुदि ११ का दिन भारदारहरूले नवकोटबाट श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाहलाई कान्तिपुरमा ल्याई राखे । तीन शहरका प्रजाहरूलाई जम्मा गरी नाचगान गर्दै श्री ५ माहिलामहारानीलाई पनि सिन्दूरयात्रा गरी दरवारमा भित्र्याए । यिनै श्री ५ माहिलामहारानीले हुकुम चलाएर परपजनी गरिन् । सुकीमा आफ्ना नामको टक चलाई सबै भारदारहरूको तैनाथ पनि लिइन् । तिनै ताका ब्राह्मणहरूद्वारा नन्दिकेश्वरलाई जगाई देवालय बनाएर सदावर्त गूठी पनि राखिन् । गोरखनाथ आदि सबै देवताका स्थान स्थानमा घण्ट चढाई पूजामान्यता पनि भयो । सुबुद्धि नाम भएकालाई पहिले डिट्ठा दिइयो । पछि रिझाउंदा काजी मानसंम पनि दिइयो ।

यसै सालमा काजी कीर्तिमानसिंह बस्नेतले काजी चौतरियादेखि चिरुवादारसंमका सब रकमकलम पजनी गर्दा दुःखले सहन नसकी भारदारहरूले चौतरिया शेरबहादुर शाहसंग मतो बाँधे । रात्रीमा एकान्तको मुलाकात गरी फर्कंदा हात्तीसारका चोटानेर काजी कीर्तिमानसिंह बस्नेतलाई मारे । त्यस कुरालाई लिएर विनाहुकुमले भारदारहरूले जालमा पारी कीर्तिमानसिंहलाई मारे भनी माहिलामहारानी अत्यन्त रिसानी भयो । भारदार सबैलाई पक्री नेल ठोकेर न्हुछेका चोकमा बन्द गरी ढोका ढोकामा तोप छानेर भारी कचहरी भयो । निरूपण गर्दा जालमा रहने पर्ने ठहरिएकालाई कसैलाई झुण्डचाई, कसैलाई शूली हाली र कसैलाई काटी मराए । जालखेलमा नपसेका भारदारहरूलाई अदप गरी छाडिदिइयो । त्यसपछि मजबूती मुखत्यारी काजी दामोदर पांडेले पाए ।

उता स्वामीज्यू चार वर्षसंम काशीमा राज गर्दा साथमा चौतरिया प्राण शाह, काजी भीमसेन थापा, काजी दलभंजन पांडे, काजी बालनरसिंह कुवर, खजांची उदय गिरी र एकदेव पाध्याहरू थिए । काजी भीमसेन थापामाथि श्री स्वामीज्यू बहुतै रिझिनुहुँदा "आज अघि जानी नजानी गरेको काम सब तक्सीर मारीमेटी माफ गरिबक्स्यौं । पछि तक्सीर नगरी अघिको खत देखाई तिम्रो ज्यू धन हर्नामा नपस्नू । मेरो घर गर्दामा तिम्रो मिहिनतमाफिक मानमरातव रीझ बक्सौंला । यो लेखेको धर्मपत्र मैले नथामे श्री पांचायनदेवता, श्री विश्वेश्वर, श्री अन्नपूर्णा, श्री विन्ध्यवासिनी, श्री शंकटा, श्री सिद्धेश्वर र श्री कालभैरवको कुदृष्टि । मेरा बिसासय पुरुखा विष्टाका कीरा होऊन् । धर्म थामे बिसासय पुरुखा स्वर्गवास होऊन् । ६० साल फागुन वदि ७ रोज ५ मुकाम बनारस शुभम् ।" यस्तो

मोहर गरिदिए।

यता नेपालमा चौतरिया शेरबहादुर शाह र काजी दामोदर पांडेप्रभृति सबै भारदार एकट्ठा भई 'श्री स्वामीज्यूलाई बनारसमै राखेर जिल्ला जिल्लाबाट खर्च पठाइदिनू, नेपालमा ल्याउन हुँदैन" भन्ने मतो गरे। "नक साहेव अंग्रेजलाई सालबसाल पचास हजार रुपियाँ ढुकुटीबाट दिनू, कीर्तिपुरमा कोठी राख्न पनि दिनू" भन्ने यारदास्त आउंदा सो कुरा गर्नेपर्ला भनी नक साहेबसंग गठ बाँधिसकेका थिए। अनि भैभारदारहरूले सल्लाह गरी श्री गुह्येश्वरीमा गएर कुण्डमा हात हाली धरोधर्म गरे। काजी त्रिभुवन पांडेले "यो कुरा गर्नु बढिया छैन" भनी राय पेश गरे। अनि सबैले "खबरदार, तिमी एकला भयौ" भनी हप्काए। "मेरा गर्धनमा तरवार नपरेसम्म धर्म भयो" भनी उनले कबूल गरे।

नेपालमा यस्तो जालसाज भएको खबर श्री स्वामीज्यूलाई केही पनि थिएन। श्री स्वामीज्यूले नेपाली संवत् ९२१ सालमा जेठामहारानी र चौतरिया बलभद्र शाहलाई "तिमीहरू नेपालमा गई के के अवस्था रहेछ, बुझ र लेख। तहकित हाल बुझ्न नगई भएन" भनी बिदा गरी पठाए। उनीहरूले मकवानपुरसंम आई वास गरे।

यो खबर नेपालमा पुग्यो। "महारानी र चौतरियालाई नेपाल आउन नदिई उतैबाट फिराइदिनू" भन्ने उर्दी दिई कम्पनी खटाई पठाए। कम्पनी पुग्दा उनीहरूलाई त्यस ठाउंबाट उठाउन सकेनन् र आखिर यिनै कम्पनी खटाई कटहरवनसम पुऱ्याउन पठाए। केही महीना बस्दा चौतरिया बलभद्र शाह त्यहीं परलोक भए। अनि महारानीले "अघिसंम नेपालमा गएनम् भनी रिसानी भएको होला, अब जानुपऱ्यो" भन्ने विचार गरी जान खोज्दा कम्पनीले "हुकुम छैन" भनी बन्दूक खुताइदिए। "मेरो राज्य, मेरा छोरासंग जान किन पाउंदिन ?" भनी रिसानी भई बन्दूकमा कुल्ची महारानीको सवारी भयो। अनि तिलंगाहरूले विचार गरे:– "यी जगन्माता हुन्। भारदारका जालसाजमा लागी हामी पनि निमकहरामी हुनु छैन" भन्ने सल्लाह गरी कहारहरूलाई मियाना बोकाएर महारानीको सवारी नेपाल पुऱ्याए। नेपालमा सबै दुनिया र भारदारहरू जम्मा भई सिन्दूरयात्रा गर्दै महारानीलाई प्रवेश गराए।

यसै दिन श्री ५ महाराजलाई लिई माहिलामहारानी देवपत्तनमा गई बसेकी थिइन्। नेपालको जालसाजको कुरो स्वामीतर्फ लागेका भारदारहरूले महारानीलाई सबै विस्तार गरे। यिनै भारदारका सल्लाहले आफैं महारानी देवपतनमा गई महाराजलाई ल्याएर दरवार प्रवेश गराइन्। माहिलामहारानीलाई चांदीका नेल ठोकी राखियो। यहाँ भएको तहकित समाचार काशीमा अर्जी चढाई पठाइयो। पत्र पुगेपछि श्री स्वामीज्यूबाट नजर भयो। अंग्रेजका बडासाहेबसंग मुलाकात गर्दा नेपालतर्फबाट अघिनै नक साहेबसंग बन्दोबस्त बांधिसकेको हुनाले कुरा नमिल्दा झन् नराम्रो भयो। फिरेपछि आफ्ना साथमा रहेका भारदारहरूलाई समाचार सुनाए। "अब म फर्कन्छु, मेरा साथमा लाग्ने भारदार को को छौ ?" भन्ने हुकुम भयो। स्वामीज्यू दिकदार हुँदा भीमसेन थापाले अघि सरी "हजुरलाई ईश्वरका मेहरले नेपाल हुन्येछ। किन सुर्ता लिनुहुन्छ ?" भनी विन्ति गरे। स्वामीज्यूको चित्त बुझाई कहारहरूलाई धेरै मजदूरी र इनाम दिई स्वामीज्यूको सवारी चलाए। अंग्रेजका गफमा परेका स्वामीज्यूलाई कसैले होश नपाउने गरी रातारात गरेर पांच दिनमा कटहरवनसंम ल्याइपुऱ्याए। त्यहाँबाट पनि स्वामीज्यूको सवारी नेपालतर्फ चल्यो।

यो खबर नेपालमा रहेका भारदारहरूले थाहा पाए। अब स्वामीज्यूले हामीलाई राख्दैनन् भन्ने बिचार गरी थानकोट आइपुग्ने दिन पुरानाश्रीनाथ र कालीबक्स दुइ पल्टन साथमा लिई सवारी लिन गएको बहानाले अवसर परे पक्री कैद गर्ने मनसाय लिएर काजी दामोदर पांडे हात्तीमा चढी थानकोट पुगेका थिए। अरू भारदारहरू पनि सवारी लिन गएका थिए। चन्दागिरिका थुंकामा राज भएर श्री स्वामीज्यूबाट नजर भयो। काजी दामोदर पांडे दुइ पल्टन साथमा लिई बसेको देख्दा "तिमी पापीहरूले गर्दा म यस महिषासुरका हातमा परें" भनी आफ्ना साथमा रहेका भीमसेन थापाहरूलाई गाली गर्दै रिसानी भयो। तलतिर किन नजर हुन्छ ? श्री पशुपति र गुह्येश्वरीतिर नजर होओस्। तरवारका जोरले जाउँला भनी विन्ति गरी भीमसेन थापाप्रभृति सबैले हातमा नंगा तरवार लिई मियानामा चढाएर श्री स्वामीज्यूको सवारी चलाए। चन्दागिरिको आधाबाटामा आइपुग्दा चौतरिया शेरबहादुर शाहले भेटी दर्शन गरे। कुशलवार्ता गर्दै सवारी थानकोटमा आइपुग्यो। थानकोटमा रहेका पल्टनहरूलाई डाकी "तिमीहरू निमकको सोझो गर्ने हौ कि होइनौ ?" भन्ने

हुकुम भयो । "हामीहरू निमकको सोझो गर्ने हौं, जो हुकुम" भनी पल्टनले विन्ति गरे । "श्याबास, त्यसो भन्छौ भने लौ त्यो दामोदरलाई बांधी ल्याऊ" भन्ने हुकुम भयो । हुकुम हुनेबित्तिकै काजी दामोदरलाई ल्याई हाजिर गराए । त्यहाँबाट सरासर आई ६० साल फागुन महीनाको २१ गते नेपाल (काठमाडौं) उत्री लुमडीका नजीक टुंडिखेलमा पाल टांगी राज भयो । आफ्ना साथमा आएका काजी भीमसेन थापाप्रभृति भारदारहरू सबै साथैमा रहे । अनि निमकहरामी छुट्याई सजाय दिइयो । काजी दामोदर पांडे-प्रभृति धेरै काटिए । यिनका छोरा करवीर पांडे, रणजंग पांडे, रणदल पांडेहरू भागे । भारदारहरूका जालमा पसेकी माहिलामहारानी विद्यालक्ष्मीलाई हेलमुगाउंमा पठाए । चौतरिया शेरबहादुर शाह, काजी त्रिभुवनप्रभृति भने आ-आफूले गरेको मतलब जाहेर होला भन्ने दहशतैमा थिए ।

तिनै ताका नेपालमा शीतलारोग आउंदा श्री स्वामीज्यूले आफ्ना पुत्र गीर्वाणयुद्धविक्रम शाहलाई शीतला होला भन्ने डरले नेपालमा कुनै पनि बालक राख्न दिएनन् र धेरै प्रजाहरू पूर्व र पश्चिमतर्फ लागे । फेरि ब्राह्मणको कुश कस्तो हो भनी मूढ थापा, विश्राम खत्री र सांढे दाहा-लहरूलाई अख्तियार गरी पठाएर थुम थुममा जांची यसै उसै कुशही विशही गरी ६२।६३ सालमा ब्राह्मणको बिर्ता र देवदेवताका जगा जफत गरी पल्टनका जागीरमा भर्ना गरे । पश्चिम दिशा कांगडाकोटका राजा संसारचन्द्रलाई धक्का दिई मुलुक जितेर हुकुम चलाइरहेका अवस्थामा भैंमाले आदि सबै दुःखी ब्राह्मणहरू आई हात जोरी पुकारा गर्न लागेः– महाराज,

> न विषं विषमित्याहुर्ब्रह्मस्वं विषमुच्यते
> विषमेकाकिनं हन्ति ब्रह्मस्वं पुत्रपौत्रकम्

यो श्लोक पढी धेरै कुरा देखाएर विन्ति गरे । केही नलाग्दा त्यसै फर्की गए । यी राजाले पहिल्यै सुनका मुद्रा बनाई भरमुलुकमा चलाएका थिए ।

यिनै ताका काजी त्रिभुवन थापालाई भारदारहरूका एकोहोरो कुराले कटाउन पठाएका थिए । "महाराजसंग एउटा कुरा विन्ति नगरी नहुनेछ" भनी विन्ति गर्न उनले पठाए । श्री स्वामीज्यूबाट झिकाई "के कुरा हो भन्" भन्ने हुकुम भयो । उनले "एकान्त पाऊं" भनी विन्ति गरेपछि "तँलाइ के एकान्त चाहिन्छ ? भन्" भन्ने हुकुम भयो । "अघि भारदारहरूले नकसाहेब अंग्रेजलाई ढुकुटीको पचास हजार रुपियाँ र कीर्तिपुरमा कोठी राख्न दिने कुरा उठान गरेको" यति कुरा उठान गर्नेबित्तिकै श्री स्वामीज्यूले 'यस त्रिभुवनलाई नमार" भनी छाडिदिए । भोलिपल्ट यस विषयमा त्रिभुवनकै घरमा कचहरी गर्ने उर्दी दिई श्री स्वामीज्यू सुकला भयो ।

भोलिपल्ट बिहान अकस्मात् शहरका बीचको बाटो गरी एक जंबूक दक्षिणढोकाबाट आई बेगले मूलबाटाबाट कुदै उत्तर दिशाका ढोकाबाट निस्की बाहिर गयो । यो एउटा कुलक्षणको सूचक थियो । त्यसै रात्रीमा त्रिभुवनका घरमा कचहरी गर्ने उर्दी हुनाले सबै भारदार पुगेका थिए, चौतरिया शेरबहादुर शाह मात्र पुगेका थिएनन् । त्यसै बखतमा काजी भीमसेन थापालाई "रणउद्योत शाहका भान्सामा भात खान जाऊ" भन्ने हुकुम भयो । "यस्ता कुल्याहासंग कौसीमा कचहरी गर्न हुँदैन । चोकमा तिनी-हरूलाई राखी हजुर ख्यालमा राज भएर कचहरी होओस् । अहिले म भात खान जान्न, कचहरी भइसकेपछि जाउँला" भनी काजी भीमसेन थापाले विन्ति गरे । अनि स्वामीज्यू रिसानी भई "त्यस पाजीले के गर्ला ? तँ भात खाई चाँडै आइज" भन्ने हुकुम भयो र जिद्दी गरी पठाइयो । काजी भीमसेन थापा भात खान गएका मौकामा चौतरिया शेर-बहादुर शाह कचहरीमा आई सामेल भए । श्री स्वामीज्यू-बाट नजर हुंदा "तँ भैयाद होइनस्, निमकहराम चण्डाल पो रहिछस्, पाजी ! त्रिभुवनले के भन्छ, सुन् । तँलाई अहिले पोडेका हातमा सौंपिदिन्छु" भनी बहुतै रिसानी भयो । चौतरिया शेरबहादुर शाहले "पोडेलाई सौंपिदिन्छौ त ?" भनी तीनफेरा भने । चौतरियाले जामाभित्र कटी-तरवार लुकाई ल्याएका रहेछन् र आफ्नो सालालाई पनि तरवार दिई छिंडीमा राखेका रहेछन्, सो कुरा कसैलाई थाहा थिएन । उत्तिखेरि चटाकसंग श्री स्वामीज्यूका गाथ-मा तरवारले हानी मैनबत्तीमा लात मारेर कौसीका पर-खालमा चढी भाग्न तयार भएका थिए । श्री स्वामीज्यूका गाथमा तरवार पर्नेबित्तिकै "के हेर्छस् बाले, शेरेले माऱ्यो" भन्ने हुकुम भयो । काजी बालनरसिंह कुंवरले तुरुन्त शेर-बहादुरलाई फेला पारी छप्काएर मासु गिंड गिंड पारी नर-कमा हालिदिए । उनको तरवार पनि टुक्रा टुक्रा गरी लोप गराइदिए । शेरबहादुरको सालो पनि मारियो । श्री

स्वामीज्यूलाई घा लागी हाहाकार हुँदा बम शाह चौतरिया-लगायत सबै भैभारदार जम्मा भई जल्दाजल्दीसँग श्री पशुपतिमा पुऱ्याए । संवत् १८६३ साल वैशाख वदि ७ रोज ७ का दिन श्री स्वामीज्यू प्रभु रणबहादुर शाह स्वर्ग भए । हेल्मु पठाएकी रानी विद्यालक्ष्मी नौ दिनका दिन आई सती गइन् । यी रानीका साथमा चौद्ध केटीहरूले समेत अनुगमन गरे ।

यता काजी भीमसेन थापाले श्री स्वामीज्यूको खबर पाउनेबित्तिकै भात खाएको हातसमेत नचुठी भान्सैबाट काजी त्रिभुवन, रणजित् पांडे र अरू भारदारसंग सल्लाह गरी 'यो खबर ठाउं ठाउँमा लेखी पठाउनुपर्छ । मसौदा गर्न तिमी काजी त्रिभुवन पांडे सिपालु छौ, यहीं बस । राजाको संभार गर्न म दरवारमा जान्छु" भनी भीमसेन थापाले अह्राए । अनि रणजित् पांडे देवानलाई साथमा लिई काजी भीमसेन थापा दरवारमा पुगे । बिकुल लगाउन लगाई श्रीनाथ र कालीबक्स दुइ कंम्पू सामेल गराए । एक पल्टन दरवारमा घेरा पहराको निति राखी एक पल्टन नासलचोकमा राखे । श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाहलाई काखमा राखी श्री स्वामीज्यूका बडामहारानी त्रिपुरसुन्दरीको हुकुम लिएर रणजित् पांडे देवानको सहायता लिई जुन जुन कुल्याहा हुन् उनीहरूलाई कम्पूको सिपाही खटाएर पक्रन पठाए । ४०।५० जनालाई ल्याएर भंडारखालमा मारिदिए । सर्वस्व लिनेको सर्वस्व लिई र र धपाउनुपर्नेलाई धपाई कुल्याहाहरू साफ गरे ।

गोर्खाधिपः पर्वतचक्रवर्ती सामात्यसेनापरिधीसमेतः ।
प्रियानुजेनाभिहतः सभायां बलीयसी केवलमीश्वरेच्छा ।
शाके वारणबाहुवाजिविधुभिर्हीनेसिते माधवे
मासे भानुतिथौ गुरौ दशघटीकल्ये।त्रियासाक्षणे ।
दुर्मन्त्रोत्थकुतर्ककर्कशगिरं निष्पाद्य गोष्ठीमुखे
हा कष्टं ! सचिवैर्निजैरणबहादूरः क्षितीशो हतः ।
हेल्मुग्रामनिवासितापि सचिवैः श्री राजराजेश्वरी
साध्वी सा नवमेह्नि गोद्विजवरान्संपूज्य पुण्यक्षितौ ।
भर्तुर्दुर्गतितः समुद्धृतिमना वह्नौ स्वदेहाहुतिं
कृत्वा स्वर्गमियाय तामनुगताः शक्रोन्मिताश्चेटिकाः ।

कहीं यस्तो पनि लेखिएको देखिन्छ ।

यसपछि काजी भीमसेन थापालाई श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाहबाट बुबाज्यूबाट बक्सेको सबै कुरा थामी भरमुलुक जंगी निजामती गैह्रको मुखत्यारी दिए । यी महाराजका राज्यकालमा अघि बुबाज्यूका पालामा धपाएका बालकहरूलाई फेरि बोलाई आफ्ना घरमा बस्न दिए । यी राजा अतिशान्तमति, दयासंयुक्त, वैष्णवधर्ममा प्रवृत्त, गोब्राह्मणपूजक र शास्त्रपुराणमा भक्ति भएका हुनाले सदा हिमवत्खण्डको अर्थ सुन्थे । शिवरात्रीका दिन व्रत गरी दक्षिणदरवाजामा सवारी भएर देवपत्तनका सब रकम संकल्प गरी श्री पशुपतिनाथलाई चढाए ।

यिनैका पालामा पश्चिम गढ हान्नाको हुकुम हुंदा मुख्तियार काजी भीमसेन थापाका तजबीजबाट भैभारदारहरू खटिई गए । लडाईका दलमुखी काजी अम्बरसिंह थापा, कौशलिया सुब्बा हस्तदल शाही, काजी रणधीर बस्नेत, सरदार रणजित् कुवर, सरदार भक्ति थापा, सरदार अंगद घले र नयां पुराना गोरख २, बरख १, रामदल १, रणबमदल १, जम्मा चांच कम्पनी सल्ल्यानको कम्पनी १, डोटीको कम्पनी ५, रणशाहदल १, ज्वालादल १, कुमाङ्को कम्पनी ७, गढमा जमेको कम्पनी १५ र नयां जमेको कम्पनी १० जम्मा कम्पनी ४५ तथा अरू उमराउले ल्याएका र ढाक्रे जागीरे गरी भारी लश्कर कुमाङमा सामेल भए । भारदारहरूले जगा जगामा कम्पनी कुह्लुवा राखे । कुमाङमा उहांका काजी रणजोर थापा र कप्तान रणवीर खत्रीसमेत पांच कम्पनी कुह्लुवा राखे । अरू भारदार, कम्पनी, ढाक्रे र जागीरेको भारी लश्कर पिउननदी तरी बोधनका बाटाबाट गढ हान्न गए । मन्दाकिनीका तीरमा गढको काजी सिसराम र दलवीर राणा भारी फौज लिई बसेका थिए । त्यहां भारी लडाई हुंदा गोरखातर्फबाट जिती मन्दाकिनी तरे । सिसराम केही फौज लिई खाईको बाटो र दलवीर श्रीनगरको बाटो भागे । त्यस वेला गोरखाका फौज पनि दुइमुख भए । पांच कम्पनी फौज लिई सरदार भक्ति थापा सिसरामका पछाडि दपेट्दै गए । चिल्ला भैरीका लेकमा सिसरामसंग भेट भई लडाई हुंदा काजी सिसरामसमेत ५०।६० जवान मारिए । गोरखाका २०।२५ परे । यसरी खाई जिती भक्ति थापा फिरे । गोरखाका अरू लश्करले श्रीनगर सर गरी काजी रणवीरसिंह र सुब्बा हस्तदले शाही केही लश्कर लिई श्रीनगरमा बसे । अरू सब लश्कर अलकनन्दा तरेर राणीहाटको बाटाबाट गई चन्द्रवदनीमा खलंगा हाल्न पुगे । त्यहांबाट देवप्रयागमा पुगी भागीरथी

गगा तरेर कोइतिमालकोटको बाटाबाट गई गुरुद्वारमा खलंगा हाले। गढका राजा प्रतिमन शाही, चौतरिया पराक्रम शाह, चौतरिया प्रीतम शाह, वसवन शाह, उनका सुब्बा हरिहरसिंह र मोहनसिंहसमेतका भारी फौज लिई खेडाको बाटाबाट भागेर सारंगपुरमा पुगे। साहेब सुदर्शन शाह हरिद्वारमा पुगे। खेडाघाटमा ठूलो आड पारी केही लश्कर लिएर दलवीर राना बसेका थिए। तिनलाई हान्न भनी सगुता सल्यानी सरदार धनवीर शाही आफ्नो १ कम्पनी र अरू तीन कम्पनी जम्मा चार कम्पनी लिई जाइलागे। खेडाघाटमा ठूलो लडाई हुंदा कटक बिग्र्यो र गोरखाली लश्कर गुरुद्वारमा फर्के। फेरि सरदार चन्द्रवीर कुवर र ३ कम्पनी फौज धामागढीमा राखी अरू सबै लश्कर साथमा लिए काजी अम्बरसिंह थापा र अंगद घले खेडा-घाट हान्न पुगे। त्यहां ठूलो लडाई हुंदा वैरीका १०।२० र गोरखातर्फका पनि १०।२० परे। जित गोरखाको हुंदा वैरी भागे। अनि गोरखाका लश्कर नालापानीमा खलंगा हाली ठाना बारेर बसे।

तिनै ताका गुंजरले ११ हजार नालसमेत मद्दत दिंदा सो फौज लिई गढका राजा गोरखालीताई हान्न आउंछन् भन्ने खबर आयो। अनि सबै ठाउंका गोरखाली लश्कर एकै जगामा सामेल भएका थिए। गुजरका एघार हजार फौज र आफ्ना फौजसमेत लिई गढका राजा प्रतिमन शाह, उनका चौतरिया पराक्रम शाह, चौतरिया प्रीतम शाह, काजी मोहनसिंह र हरिहरसिंहहरूले ऊंटमा सवार भएर आई धामागढीमा कुह्लुवा रहेका गोरखातर्फका सरदार चन्द्रवीर कुवरसमेतका तीन कम्पनी फौजलाई घेरा दिए। त्यसका ५।७ दिनैमा गोरखाली सब फौज धुंरगमा कुरी सरदार भक्ति थापा पुरानागोरखका सुबेदार शमशेर राणा समेतको फौज लिई पश्चिमतर्फबाट चढे। काजी अम्बरसिंह थापा, सरदार रणजित् कुवर र सरदार अंगद नयांगोरख, रामदल र अरू कम्पनी, ढाक्रे, जागीरे, उमराउसमेत लिई सामान्य दक्षिण हेरी चढे। धामागढीका ३ कम्पनी गुरुद्वारको बाटो गरी बढे। त्यहां भारी लडाई हुंदा वैरीका राजा प्रतिमन शाहसमेत हजार बाह्र सय मरे, गोरखाली ५०।६० परे। आखिर जित गोरखालीको भयो। गढका कान्छा साहेब प्रीतम शाह र दलवीर राना पक्रिए, अरू भागे। त्यहां जेठी तरवार अजिटन तिलकसिंहको ठहर्‍यो। गढका राजाको लास हरिद्वारमा सुदर्शनकहां पुर्‍याइदिए। दलवीर रानालाई मारे। कान्छा साहेबलाई २ पट्टि सिपाही साथ लगाई नेपालमा श्री ५ का हजुरमा दाखिल गर्न भनी पठाइदिए। त्यसपछि यमुनामा खांडो पखाली श्रीमोहडाका राजा कर्मप्रकाशसंग घाको बन्दोबस्त गरेर गोरखाको लश्कर हरिद्वारमा स्नान गरी श्रीनगरमा आई बसेका थिए।

त्यसै बीचमा राजा र मुखत्यारको कागडा हान्ने सल्लाह ठहर हुँदा "नेपालबाट काजी नयनसिंह थापा, काजी जसपाउ थापा र सरदार सुरदत्त शाहीलाई नयांश्रीनाथ, बज्रवानी र रणभीम यी तीन कम्पनीका साथमा र सुब्बा रघुनाथ गुरुङ, प्रह्लाद गुरुङलाई नयां कम्पनी चार साथ गरी पन्ध्र सय लश्कर तथा अरू ढाक्रे, जागीरे गरी पांच सात सय लश्करसमेत पठाएको छ। त्यहां गढका लश्कर र भारदारसमेत जगा जगामा कुह्लुवा राखी कांगडा हान्न जाऊ" भन्ने लालमोहर गयो। कुमाऊंका काजी रणजोर थापा र वीरभद्र कुवर तीन चार कम्पनी र अरू ढाक्रे र जागीरे गरी हजार बाह्र सयको लश्करहरू सुब्बा सुर-वीर खत्री, सरदार चन्द्रवीर कुवर र ठाडामा जमेका १० कम्पनीसमेत गढमा आड राखी अरू भारदार र जो भएको नयां कम्पनीसमेतको लश्कर लिई तथा श्रीमोहडाका राजा कर्मप्रकाशसमेत गोरखाका सरदार सुरदत्त शाहीप्रभृति भारदारहरूले किमरोड, वगलक, कलहुरतर्फ मोहडा दिई लश्कर अगाडि बढाए। त्यसै बखतमा काजी नयनसिंह थापाले किमरोडका फौजमा सामेल भई हण्डुरमा जाइलागे। हण्डुर सर गरी सरदार इन्दुसिंह थापासमेतका चार पांच कम्पनी हण्डुरमा राखी अरू सबै लश्कर कांगडा हान्नाका निंति शतरुद्रानदी तरे।

त्यसपछि त्यहाँ वरपरका राजाहरू गोरखासंग मिल्न आए। गोरखाका सबै लश्कर पनि सामेल भई बाह्लटियामा खलंगा हाली बसे। त्यसै अवस्थामा कांगडाका चौतरिया निगाहीचन्द्र बाह्र हजार फौज लिई हान्न आए। गोरखाका लश्करले पनि गई वैह्लाउँदा भारी लडाई भयो। गोरखाका २१।२५ जना परे, ।३०।३५ जना घायल भए। कांगडाका चौतरिया निगाहीचन्द्रसमेत चार पाँच सय मरे। घायलको ठेगाना भएन। आखिर जित गोरखाको भयो।

त्यसपछि गोरखाका लश्करले ज्वालाजीमा डेरा गरी त्यहाँबाट सुमेरुपुरमा खलंगा हान्न पुगे। सिंहनाद कम्पनी

र गढ कुमाङमा बसेका १२ कम्पनीसमेत लिई सरदार भक्ति थापा लिहिरामा घेरा दिन पुगे। राजा रामशरणले दश आठ हजार लश्कर लिई हण्डूरमा चढेर रस्ता बन्द गरे। कांगडाबाट सुब्बा हस्तदल शाही, काजी जसपाउ थापा र सरदार अंगदले ९।१० कम्पनी लिई हण्डूरमा आएर रामशरणसित लडे। हण्डूर साफ गरी वैरी काटेर रस्ता खोली कम्पनी फौज लिएर काजी जस पाउ थापा कांगडैमा फर्के। सुब्बा हस्तदल शाही र सरदार अंगद नेपालतर्फ फर्के। सुब्बा हस्तदल शाही सल्यानमा आइपुगेका वेलामा "तिमी फर्की फेरि डोटीमा गई बस" भन्ने लालमोहर जांदा फर्केर डोटीमा गई बसेका थिए।

तिनै ताका भारी लश्कर लिई काजी अम्बरसिंह थापा र काजी जसपाउ थापा सुमेरुपुरको गढ हान्न जालन्धरको बाटो गरी गए। काजी नयनसिंह थापा अगाडि बढी छोकिएर भगवानपुरको बाटो गरी मालकांगडा हान्न चढे। त्यहाँ ठूलो लडाईं भयो। गोरखाका तीन चार सय खती भए। काजी नयनसिंह थापालाई गोली लाग्दा लडाईं बिग्रयो र लश्कर हटी खलंगामा आई बसे। उसका १७ दिनपछि शाके १७२८ मा नयनसिंह थापा पनि मुक्त भए।

"किल्लामा छोकिई मात्र सप्रनेछैन, बरु रसद बन्द गरे किल्ला सर होला" भन्ने सल्लाह ठहरियो। किल्लाका दक्षिणपट्टि गणेशघाटीमा सरदार गन्धर्वसिंह, रणभीम, रामदल, रणशार्दूल र डोटीका तीन कम्पनी लिई बसे। पश्चिम सुमेरुपुरमा काजी अम्बरसिंह थापा, काजी जसपाउ थापा र सरदार रणजित कुवर नयाँगोरख, नयाँश्रीनाथ आदि बीस बाईस कम्पनीका सरदार, सुबेदार, जमादार, हुद्दा र सिपाही तथा ढाक्रेहरूको चार पाँच हजार फौज लिई बसेका थिए। सरदार भक्ति थापा किल्लादेखि पूर्वपट्टि ठिहिरा सुफलमा बसेका थिए। कांगडाबाट वन वजीरले २।४ हजार लश्कर लिई डांक हान्न आउंदा सरदार भक्ति थापाले वहिराई सोहरा लगाउंदा भारी लडाईं भई जित गोरखाको भयो। कांगडाको वन वजीरसमेत असी सय खती भए, घायलको ठेगाना भएन। गोरखाका पनि पन्ध्र बीस खती भए, तीस पैंतीस घायल भए। सरदार चन्द्रवीर, वीरभद्र कुवर र सुबेदार हंसवीर खवास पोखरा रिसिङमा जमेका जम्मै कम्पनी लिई तारागढीमा बसेका थिए। किल्लाको वारिपारि घेरी पुरानागोरख, बज्रवानियां, नयां-सबुज र १५।१६ कंपनी लिई सुबेदारहरू बसेका थिए। यसै बीचमा शत्रुमर्दन कम्पनी र गढकुमाङमा जमेका ७ कम्पनी लिई काजी दलभंजन पांडे र सुब्बा रुद्रवीर शाही पुगे।

तिनै ताका कांगडाका राजा संसारचन्दले "गोरखा बडाराजा हुन्। तसर्थ डोला दिन्छु। साहेबज्यूलाई पनि नेपाल पठाउंछु। हाल नौ लाख रुपियां सलामी चढाउँछु। पछि वर्षपीछे पांच पांच लाख चढाउंछु। बाह्र हजार फौज पनि दिन्छु। गोरखाका लश्कर गढमा गई बसून्" भनी घा मागे। सोही बेहोराको अर्जी श्री ५ का हजुरमा चढाई पठाए। मन्त्री भीमसेन थापाले विनति गरी "बढिया भएछ, घा गर्नू" भन्ने हुकुम बक्साई पठाए। त्यसै वेला गुलदिलको बजीर ध्यानसिंहलाई पक्री नेल हालेका हुनाले काजी अम्बरसिंह थापासमेत अघि जाने भारदारहरूले "महीना डेढ महीनामा किल्ला सर गर्छौं, तसर्थ उनीसंग केको घा चाहिन्छ ?" भन्ने श्री ५ मा अर्को अर्जी पठाए। "किल्ला सर गर्ने भए सर गर, घा चाहिंदैन" भन्ने अम्बरसिंह थापालाई र "घा गर्नुपर्दैन, तिमीहरू आऊ" भन्ने रुद्रवीर शाही, दलभजन पांडेलाई समेत लालमोहर गयो। उनीहरू नेपाल आए, घाको बन्दोबस्त भएन।

त्यसपछि राजा संसारचन्द्रलाई रसद बन्द भई सकस हुंदा "अहिले मालकांगडा शहरकांगडा छाडिदिन्छु। किल्लाका अर्थलाई २२ दिनको खा दिए रानीरनेवा र आलमाल लैजान्छु। उहाँपछि किल्ला छाडिदिउंला" भनी संसारचन्द्रले भने। "२२ दिनमा के गर्ला र ? रस्ता खोलिदिऊँ" भन्ने सल्लाह गरी रस्ता खोलिदिए। राजा संसारचन्द्रले दिनमा रानीरनेवा लैजाने र रातमा रसद ओसार्ने गरी बाह्र दिनमा किल्लामा रसद भरे। साथै लश्कर पनि थपी आफू लाहुर पुगे। २२ दिन पुगेपछि किल्ला छाडिदेऊ भनी गोरखालीले भन्दा "राजा संसारचन्द्रको के लाग्छ ? हामी त किल्ला छोड्दैनौं" भन्ने जवाफ दिई किल्लाबाट गोली चलाउन थाले। यसरी किल्ला सर नहुंदा अघि जहाँ जहाँ बसेका थिए त्यहाँ त्यहाँ गई घेरा दिएरै बसे।

६६ साल भदौका १२ दिन जांदा दश बाह्र हजार सवार भएका लाख डेढलाख फौज लिई लाहुरबाट महाराज रणजितसिंह र राजा संसारचन्द्र किल्ला कांगडाका मद्दतलाई आई दौलतपुरमा खलंगा हालेर बसे। यस्तो

अवस्था पर्दा "गणेशगढी पातलो छ, हामी जान्छौं" भनी काजी जसपाउ थापाले भने "बढिया भन्यौ, जाऊ" भनी काजी अम्बरसिंह थापाले बिदा दिए। अनि नयांश्रीनाथ र गढमा जमेका दुइ कम्पनी साथमा लिई काजी जसपाउ थापा र सरदार इन्द्रसिंह थापा गणेशघांटीका मद्दतलाई उत्तिखेरै गई सरदार गन्धर्वसिंहसंग सामेल भए।

त्यसपछि महाराज रणजित सिंहले "गोरखाली भनेका हिजोदेखिका दोस्त हुन्। हामीलाई संसारचन्द्रले किल्ला सौंपने भए हिजै आउने थिए। आज उनीहरूले सिकिस्त गर्दा पो सौंपन आएका हुन्। तसर्थ हामीलाई किल्ला दिलाएको गोरखालीले हो, संसारचन्द्रले खुशीले दिएको होइन। अब गोरखासितको बन्दोबस्त बाँध्नुपर्‍यो" भन्ने विचार गरे। अनि "हिजोदेखिको तम्रो हाम्रो धर्म छ। तिमीहरूले किल्लाको दावा छाडी डिहिरा सुफलमा गई बस। तम्रा हाम्रा सल्लाहले अंग्रेजलाई हटाउनुपर्छ" भनी गोरखाली काजीसंग वकील पठाए। गोरखालीलाई त्यस्तो कुरामा चित्त नबुझ्दा किल्लाको दावा नछाडी फन् वकील-लाई पक्रे। त्यो हाल महाराज रणजितसिंहकहाँ पुग्यो। उनले "बढिया" भनी शिखरको फौज दुइमुख गरेर गणेश-घांटीमा हान्न पठाए। गोरखाको लश्कर पनि दुईमुख गरी गयो। त्यहाँ भारी लडाईं भयो। दुवै मुखबाट तरवार चल्दा गोरखाका सरदार गन्धर्वसिंहसमेत साठी सत्तरी जना खती भए। रणजितसिंहतर्फका पाँच सात सय परे। जित भने गोरखाको भयो। त्यसै दिन गणेशघांटीमा सोह्-टियामा गोरखाका दुइ कम्पनी बसेका टाउँमा गई चौथा प्रहरमा तिनलाई मिच्दै गणेशघांटीसंम आए। त्यस घांटीका लश्करसंग पनि भारी लडाईं जोरियो। गोहार लगाउन सुफलबाट भक्ति थापा पनि पुगे। लडाईंको सुरसार केही नसुन्दा रात पनि पर्‍यो यहीं बसौं भनी आड बलियो गर्न लागे।

त्यसै बखतमा काजी जसपाउ थापाले बन्दूकको एक सलक लगाई तरवार पार्दा शिखरका बजीरसमेत चार पाँच सय मरे। रातमा हुनाले घायल यति भए भन्ने ठेगाना भएन। सरदार भक्ति थापाका लश्करले पनि बीस बाईस जना तरवारले छप्काए। जित घोरखाको भयो। काजी अम्बरसिंह थापाले "वैरीको फौज ठूलो छ। तसर्थ एकै जगामा बाटुलो भई बस्नुपर्छ" भनी जगा जगामा लेखी पठाउँदा सबै लश्कर मालकांगडामा सामेल भएका थिए। वैरीका शिखरको लश्कर मालकांगडामा चढी लडाईं जोरिंदा उनीहरूले गोरखाली फौजलाई २०।२२ दिनसंम घेरा दिई राखे।

त्यसपछि फेरि महाराज रणजितसिंहले "अघि हामीले भनी पठाएको मानोनौ तापनि तिमी गोरखासंग हिजो-देखिको दोस्ती हुनाले फेरि भन्छु– अब शतरुद्रपार तिम्रो भयो, शतरुद्रवार हाम्रो भयो। तिमीहरूलाई जान रस्ता पनि खोलिदिन्छौं। पछि हामीमाथि बलियो वैरी आइलाग्यो भने तिमीहरूले मद्दत दिनू। तिमीमाथि बलियो वैरी आयो भने हामीले मद्दत दिनू। यो बन्दोबस्त भयो" भनी भन्न पठाए। गोरखालीले "बढिया" भनी महाराज रणजितसिंह-संग धर्मपत्र गरी गोरखाको लश्कर शतरुद्रा तरी सुघाथोरमा आएर बसे। सरदार भक्ति थापाले नेपाल आई सो घा भएको बेहोरा विन्ति गरे। "आफूले लिएको मुलुक छाड्नु-परेपछि गोरखाको तरवारै गयो, यो कुरा हुन सक्तैन" भनी मंजूर नहुंदा धर्मपत्र फर्काइ दिए।

त्यसपछि फेरि मालकांगडाका मद्दतलाई काजी दलभं-जन पांडे, काजी अमृतसिंह थापा, सरदार शमशेर राना, सरदार अंगद, सरदार घोकल खत्री र सुबेदार बीरु बोहरा-हरू शेर र त्रिपुरादल साथमा लिई हान्न पुगेका थिए। "घाको बन्दोबस्त भएछ, तिमीहरू फिर" भन्ने हुंदा काजी दलभजन पांडे, काजी अमृतसिंह थापा र सुबेदार वीरु बोहरा कम्पुको फयर र तारादल कम्पनी लिई नेपालतर्फ फर्के। सरदार शमशेर राना, सरदार अंगद र सरदार घोकल-सिंह त्रिपुरादल र गढमा जमेका कम्पनी साथमा लिई सुघाथोरका लश्करमा सामेल भए। पन्थडांडा नगरीमा सुब्बा वसन्त बोगटी र मुसीकोटे वीरबाहुसिंह दुइ तीन कम्पनी लिई बसेका थिए। त्यहाँ बाह्र ठकुराईले कुल गर्दा सरदार शमशेर राना त्रिपुरादल कम्पनी र अरू पांच सात कम्पनी लिई गोहार गए। त्यहाँ भारी लडाईं हुंदा वैरीका हजार बाह्र सय फौज क्षति भए। गोरखाका २०।२५ जना परे। जित गोरखाको भयो। पन्थडांडा हात लगाएपछि त्यहाँ कुरुवा राखेर सरदार शमशेर राना सुघाथोरमा काजी अम्बरसिंह थापाकहाँ सामेल भए।

त्यसपछि श्रीमोहडाका राजा मोरणीकिल्लामा फौज लिई चढदा सरदार शमशेर रानाले पांच सात कम्पनीका साथमा गई भारी लडाईं गरे। सदारलाई घा लाग्यो।

चंचल घर्तीलाई पनि गोलीको घा लाग्यो। गोरखातर्फका १०।२० खती भए, वैरीतर्फका असी सय मरे। जित गोरखाको भयो। अनि केही लश्कर सुगाथोरमा गई बसे। शमशेर राना त्यसमध्येका केही लश्कर लिई नाह्नमा काजी रणजोर थापा भएका ठाउँमा पुगे। सरदार अंगद दश आठ कम्पनी सुगाथोरमा राखी अरू भारी लश्कर लिएर झुगलकेशरी हान्न गए। काजी अम्बरसिंह थापा पनि सुगाथोरबाट संवत् १८६७ साल असारका १३ दिन जांदा झुगलकेशर पुगे। दुइमुख जोरिंदा त्यहाँ भारी लडाईं भयो। गोरखातर्फका ५०।६० क्षति भए, असी सय घायल भए। वैरीतर्फका असी सय क्षति भए, असी सय घायल भए। जित गोरखाको भयो। त्यहाँ केही फौज कुरुवा राखी काजी अम्बरसिंह थापा सुगाकोटमा बस्न गए। उहाँका लश्कर अर्को शहरमा बस्न गए। सरदार शमशेर राना नेपाल आए।

संवत् १८६८ सालमा सरदार भक्ति थापा सिंहनाद कम्पनी र गढका एकखण्ड सिपाही लिई अर्को शहरमा सामेल हुन पुगे। यी राजाका पालामा कांगडातर्फ यस्ता प्रकारले लडाईं चलिरहेको थियो।

संवत् १८६९ सालमा महाराजबाट काजी भीमसेन थापालाई जनरलको खिताव दिए। कम्पनीलाई पनि अब उप्रान्त पल्टन, कम्पू भन्नू भन्ने उर्दी भयो। यी जनरलले पल्टनलाई अघि नभएको चांदतोडा तसवीज नरी तयार गरेर पहिराईदिंदा फौजहरूमा बहुतै शोभा देखियो। नेपाली संवत् ९३० मा भीमसेन थापाले विष्णुमतीमा पुल, घाट, सत्तल र धारासमेत बनाए। श्री स्वामीज्यूका मरारानी त्रिपुरन्दरीदेवीबाट पनि सब लोकको उपकारका निमित्त कालमोचन तीर्थका समीपमा श्री स्वामीज्यूका नामले त्रिपुरेश्वर महादेवको स्थापना भयो। सवत् १८६७ साल मार्ग शुक्ल ११ रोज ५ मा वागमतीको पुल बनाउन उठान गरी १८६८ साल चैत्र शुक्ल सप्तमीमा मूर्ति गरी पुलको उत्सर्ग भयो। त्यसका वारिपारि सुन्दर धर्मशाला र पारिपट्टि ग्रांमसमेत बनाई घरघरप्रति खेत बिर्ता दिंदा बहुत गुल्जार भयो र त्यस ठाउँको नाम पुलगाउँ भन्ने रह्यो। पुलपारि सिंहध्वज भूपालसमेत बनाई श्री स्वामीज्यूका नामले उत्सर्ग भयो। सो बनाउंदा हनूमन्तसिंह महाजनले धेरै मिहिनेत गरी सरकार रिझाएका हुनाले धेरै खेत बिर्ता र ठूलो घरसमेत पाए। सो पुल भत्कंदा र बिग्रंदा संभार गर्नुपर्ने तैनाथ पनि पाए। त्यसपछि जनरल भीमसेन थापाले मजादेवल बनाई त्यस देवालयसंगै कोतखाना र फौजहरूको बन्दूक राख्ने भण्डार बनाएर क्रमपूर्वक बसाए। त्यहां शीशामहल भन्ने हवेली बैठक पनि बनाई शोभा गराए।

यी राजाका पालामा ब्राह्मणको रूप भएको एक कलंकीरूप जस्तै मानिस आई कुसलेधारामा ब्राह्मणका स्त्रीहरू धेरैलाई मारी श्री गुह्येश्वरीमा खड्ग चढाएर गए। उनलाई कसैले पक्रन सकेनन्। यी राजाले श्री पशुपतिनाथमा चांदीको नन्दीमूर्ति र चंदुवाभित्रको पश्चिमदरवाजाको जमीन चांदीका पाताले छापी चांदीमय गरी अर्पण गरे।

नेपाली संवत् ९३० साल ज्येष्ठ शुदि १० रोज १ का दिन तेस्रो प्रहरमा ठूलो उत्पातको भूकम्प भयो। त्यो भूकम्प २१ पलासंग ठहर्दा कान्तिपुरमा घर, परखाल, देवालयमा झुन्डाइराखेका घण्ट पनि हल्लिएनन्। ठूलठूला देवालय पनि केही भएनन्। बुगमती, खोकना र भादगाउँ यी तीन शहरमा भने ठूलो उत्पात भई मनुष्य र जीवाजन्तु धेरै मरे। घर पनि धेरै भत्के। ठवहिलसमीपमा एउटा ठूलो बारुदखाना बनाए र ढ्याक पैसा बनाई छाप मारे। दुइ पैसाको एक ढ्याकको चलन गरी आफ्ना भरमुलुकमा चलाए।

संवत् १८६७ सालमा बारा पर्साका सुब्बा लक्ष्मण गिरी थिए। बेतियासंग सिमानामा तक्रार हुंदा बेतियाका दुइ चार जना मानिसलाई गोरखालीले मारिदिंदा रातमा त्यहाँका लश्कर आई डांक हानी सुब्बा लक्ष्मण गिरीलाई मारिदिए। यो खबर श्री ५ का हजुरमा जाहेर हुंदा कंपूका दुइ तीन फयर खटिई बारा पर्साबाट बेतियाको मुलुकमा गएर विध्वंस गरे। बेतियाका राजाले यो कुरा कलकत्तामा अंग्रेजसित फिराद गरे। त्यहाँ गोरखाका वकील माहिला गुरुज्यू श्री कृष्ण पण्डित बसेका थिए। उनीसंग फिरंगीले "सिमानामा तक्रार गर्नु निको छैन, सिमाना सच्याइराख्नुपर्छ। हाम्रातर्फबाट अमीन मेजर पारसबाट जान्छ। तिमीहरू पनि पठाइदेऊ, सच्याइराखौं" भने। सो बिस्तार नेपालमा लेखी पठाए। गोरखा सरकारबाट पनि सिमानाका कामलाई अमीन भई श्री गुरुज्यू रंगनाथ पण्डितज्यू

र काजी दलभंजन पांडे खटिंदा मध्येसको बाटो गरी पाल्पासंम सिमाना सच्चाएर काम सिध्याए । सरदार प्रभुराम थापालाई बारा पर्साका कुरुवा राखी सब कम्पनी फयरर साथमा लिई श्री गुरुज्यू र पांडे काजी चैत्र महीनामा नेपाल फिरे । काजी अम्बरसिंह थापा सबुज पल्टन लिई पाल्पामा बसेका थिए ।

सवत् १८७० साल वैशाख महीनामा सय छबीस ठानेदार, सिपाही, पुलीस र दारोगासमेत लिएर आई फिलंगीले बारा जिल्लाको आम्दानी तहसील गर्न लाग्यो । "अघि विनायकपुर पाल्पाले अंमल गर्दा लोटनमा सिमाना थियो । पछि नवाफले पाली अंमल गर्दा नकामको सिमाना थियो । सो नवाफले पनि अम्बल गर्न नसकेको जगा आज तिमीले के अर्थले अम्बल गन्यौ" भनी काजी अम्बरसिंह थापाले भने । "हाम्रो सिमाना बूटवलका दरबारमनि छतिवनको रूख हो, तसर्थ हामी छोड्दैनौं" भनी अंग्रेजले भन्यो । "त्यसो किन होला, पाल्पाले खाएको जति हामी छोड्दैनौं" भनी काजी अम्बरसिंह थापाले भने । यस्ता प्रकारको तक्रार हुंदा सरदार जगदेव भंडारी, सुबेदार दले थापा, जयन्त शाही र मणिराज फौजदारको तीन कम्पनी फौज गई रातमा डांक हानेर त्यहाँका पुलीस दारोगाहरूलाई मारिदिंदा अंग्रेजसंग चमक पन्यो । अनि मेचीदेखि पश्चिम सुघाथोरदेखि पूर्व जगा जगामा अंग्रेजको ४२ पल्टन चढ्यो । बारा पर्सामा दुइ कम्पनी लिई सरदार प्रभुराम थापा बसेका थिए । टकसारी चन्द्रशेखर उपाध्याय पनि सिमानाका कुरामा त्यहीं बसेका थिए ।

उता अंग्रेजतर्फबाट बालु साहेब बेतियाका राजा अघि सरी घोरसानमा बसेका थिए । त्यसतर्फ मुख्तियार भई सरहद सच्याउने काममा मेजर बराट साहेब पनि आएका थिए । कुराकहानी दोहोरो हुन्थ्यो । त्यसै बीचमा अंग्रेजका लश्करले गोरखाका फौजमा डांक हान्दा कटहरवनमा भारी लडाईं भयो । गोरखाका लश्कर थोरै हुमाले लडाईंमा परे । टकसारी चन्द्रशेखर उपाध्यायलाई पक्रेर लगे ।

यो हाल श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाहका हजुरमा जाहेर भयो । कौशल हुंदा जनरल भीमसेन थापाका तजवीजले कम्पू, पल्टन, कम्पनी, भैभारादारहरू ठाउं ठाउं गौंडा गौंडामा खटाई पठाए । सप्तरीमा कम्पनी साथमा लिई सरदार दलभंजन पांडे बसे । पाल्पामा सबुज कम्पनी र भैभारादार पगरीसमेत लिई कर्णेल उजीरसिंह थापा जमे । पूर्व बिजयपर धनकुटामा श्री जंगमेहर पल्टन लिई काजी भक्तबीर थापा, काजी बालनरसिंह कुवर, बहादुर भंडारी र अरू भारदार गैह्र डटे । यसै समयमा ७१ सालका भदौ महीनामा कलकत्ताबाट एक गोरा आई काजी अम्बरसिंह थापासंग "तिम्रो नोकरी गर्न आएं" भनी भन्यो । "हुन्छ, यसले के गर्ला र ?" भन्ने विचार गरी "बस" भनी रोजको दुइ रुपियाँ तलब दिएर राखे । त्यो अंग्रेज सात दिन बसेपछि त्यहाँका सब लश्करको गन्ती गरी बही खडा गरेर रातमा भाग्यो ।

त्यसपछि यताबाट पनि भारदारहरू बसी कौशल गरेर टीकाको साइत गरी कूच भए । काजी अम्बरसिंह थापा, काजी अजम्मर पन्त र भक्ति थापा भारी लश्कर लिई हण्डूरमा पुगेर जगा जगामा खलंगा हाली बसे । त्यसै बीचमा नालागढबाट नुनिया अत्तर खां भन्नेले फौजका साथ अजम्मर पन्त बसेका ठाउँमा आई धमकी दिएर घेरा दियो । मद्दतका निम्ति काजी अम्बरसिंह थापा एकमुख र सरदार भक्ति थापा एकमुख गरी भिडिंदा ठूलो लडाईं भयो । नुनिया अत्तर हटेर जांदा गोरखाको जित भयो । त्यसपछि काजी अम्बरसिंह थापासमेत गोरखाका फौज राजागढीमा बसे । सरदार भक्ति थापा सूपागढीमा बस्न पुगे । काजी अम्बरसिंह पन्त र सरदार बालसुन्दर थापालाई कांटागढीमा जाऊ भनी पठाउँदा उनीहरू चण्डागढीमा पुगेपछि श्रीमोहडाका कृष्णसिंह तीन हजार लश्कर लिई आए । त्यहाँ लडाईं हुंदा जेठीतरवार सुबेदार खड्गसिंह थापाको ठहऱ्यो । श्री मोहडाका दुई सय बाह्र बीस मरे, तीन चार सय घायल भए । काजी अम्बरसिंह थापाले लश्करका सात आठ बीस बन्दूक लुटे । गोरखातर्फका सुबेदार रणजंगसमेत दस आठ जवान परे, पन्ध्र बीस घायल भए । जित गोरखाको भयो ।

उता नुनिया अत्तर हटेर गएपछि जनरल अख्तरलोनी साहेबले गोराको पल्टन लिई भिक्षाखोरीमा आक्रमण गरे । अघि पक्री राखेका टकसारी चन्द्रशेखर पाध्यालाई छाडिदिंदा दरबारमा पुगी उनले सबै हाल विस्तार गरे । त्यसपछि कर्णेल रणवीरसिंहप्रभृति सब भारदारहरूलाई त्यसतर्फका मद्दतका निति खटाई पठाए ।

१८७१ साल मार्ग शुदि ४ रोज मा मोहडातर्फ जाने

यसरी यी थिए ? – कपतान वीरकेशर पांडे, कपतान प्रसादसिंह बस्नेत, कपतान सर्वजित थापा, कपतान शमशेर राना, लेफटेन पृथ्वी हमाल, लेफटेन कर्णसिंह बोकटी, लेफटेन कालु, लेफटेन दरियावसिंह बस्नेत, लेफटेन देवीभक्त, लेफटेन सिंहवीर पांडे, दारोगा अतिबल बिष्ट, खरिदार इन्दीवर जोसी, मेजर गुणवन्त, डिट्टा सरूप बिष्ट र अरू फौजसमेत पुगी ठूलो लडाईं गरेर वैरीलाई हटाए। यसरी चण्डालगढीको लडाईं जितेपछि काजी अजम्मर पन्त जनजालखोलामा आई बसे। काजी जसपाउ थापा र काजी रणदीपसिंह बस्नेत पनि टीकाको साइत गरी बलभद्र कुवरलाई मद्दत दिन गुरुद्वारमा जान लाग्दा नालापानीसम मात्र पुगेका थिए।

यस्तैमा सरदार बलभद्र कुवर, सुब्बा चन्द्रवीर थापा, सरदार रिपुमर्दन थापा र ढाक्रे सुब्बा नाथु माझी दुइ सय नाल कालीदल कम्पनी र अरू ८ कम्पनी, ढाक्रे, जागीरे गरी बाह्र तेह्र सय लश्कर बसेका ठाउँमा अंग्रेजको जनरल गुलाफवेनले ६ पल्टन गोरा र १० पल्टन काला लिई ७१ सालका टीकाका दिनमा नालापानी हान्न चढ्यो। दिनमा बन्दूकको लडाईं हुँदा फिलंगी हटी गुरुद्वारमा गई बस्यो।

त्यसपछि नाहान शहरबाट, गोरख, शार्दूलजंग र कृष्णदलसमेत नालापानी पुगेका चार दिनमा सारंगपुरबाट पांच पल्टन गोरा लिई लालविथिर आई जनरल गुलाफवेनसंग सामेल भयो। पांच घडी दिन चढ्दा नालापानीमा चढ्यो। त्यहां ११ दिनसंम भारी लडाईं भइरह्यो। गोरखाका सुब्बा चन्द्रवीर थापा र नाथु माझीसमेत ८।९ सय मरे। फिलंगीका जनरल गुलाफवेनसमेत दस साहेब र गोरा काला गरी पन्ध्र बीस सय फौज मरे। गोरखाको मद्दत कहींबाट नआउंदा खानबेगार अनाजपानीले पनि सकस पऱ्यो। "अब हामीले गढी थाम्न सक्दैनौ। फिलंगीले चारैतर्फबाट घेरा दिइराखेको छ। अब गढीबाट वैराई एक सलक हानी तरवारको जोरले निस्कौं र जो जो मरौंला, मरौंला। बांचेका जति लश्करमा गई मिलौंला" भन्ने सल्लाह गरी बाह्र दिनका रातमा सरदार बलभद्र कुवरसमेत जो रहेका लश्कर वैराई एक सलक हानेर नंगी तरवार लिई निस्कंदा गोरखाका १५।२० मरे। अंग्रेजका कति खती भए रातमा हुनाले केही ठेगाना भएन। जो बांचेका फिलंगीका फौज रातारात गरी हरिद्वारमा बस्न गए। फेरि रातमा अंग्रेजले डांक हान्न आउंदा पनि भारी लडाईं भयो। अंग्रेजका १५।२० मरे। गोरखाका २०।२५ परे। त्यहां पनि ठहर्न नसक्दा रातारात गरी भागीरथीगंगाका तीरमा चतुरवारगढीमा आइपुगे। अलमोडाबाट नालापानीका मद्दतलाई दुइ अढाइ सय मानिस ढाक्रे लिई आएका काजी रेवन्त कुवर भागीरथीका तीरका भेट भए। काजी सरदारका सल्लाहले यमुनाका तीरमा जमात भई खलंगा हाली बसेका थिए।

त्यसपछि झांटागढीमा कम्पनी जम्मा गरी दुइ हजार लश्कर लिएर काजी जसपाउ थापा र सरदार भैरवसिंह बसेका थिए। जयन्त टिप्पामा काजी रणजोर थापा बसेका थिए। उही गुरुद्वारमा आउने फिलंगीको लश्कर त्यहीं आइपुग्यो। त्यसले गोरखालीलाई हान्न जानाका निंति सबै फौंजलाइ उर्दी दियो। अनि गोरखाका लश्कर सबै वैराई झांटागढीका देवीथानमा लडाईं जोरियो। दोहोरो बन्दूकको सलक लाग्दा गोरखाका पन्ध्र बीस मरे, पन्ध्र बीस घाइते भए। त्यसै वेलामा "तिमीहरूले जस पाउनेछैनौ, जयन्त टिप्पा नछोड" भन्ने काजी अम्बरसिंह थापालाई उर्दी आउंदा उनीहरू जयन्त टिप्पैमा बसे। नाहानमा फिलंगीको फौज बसेको थियो।

७१ साल पौष १५ दिन जांदा पूर्णिमा, मंगल वार बिहाउंदो फिलंगीको फौजले एक मुख पूर्व, एक मुख उत्तर दुइमुख गरी काजी जसपाउ थापा र सरदार भैरवसिंह बस्नेत बसेका ठाउंमा चढाईं गर्दा झांटाका देवीथानमा काजी सरदारसंगका मानिस वैराई लडाईं जोरियो। दोहोरो बन्दूकको सलक चल्दा १०।१२ जना मरे, २०।२५ जना घायल भए। लश्कर हटाई सरदार सुबेदारले "लडाईं बिग्र्यो, अब आडमा जाऔं" भनी काजीलाई भने। "बिग्रेको लडाईं भारदारको र सप्रेको लडाईं सिपाहीको हुन्छ। लडाईं पक्का पनि सपारौंला, सपार्न नसके ज्यान दिउंला" भनी काजी जसपाउ थापाले हठ गरे। अनि सरदार सुबेदारले बलैसंग काजीलाई आडमा लगे।

त्यसै वेला हटेको लश्कर पनि काजीले फिराए। काजी रणजोर थापा पनि त्यस ठाउंका गोहारलाई गोरख कम्पनी १, बरख १, कृष्णदल १ र शार्दूलजंग १ लिई आइपुगे। सरदार भैरवसिंह बस्नेत र सुबेदार अनरूप घर्ती पनि आफ्ना साथका सबै मानिस साथमा लिइ सामेल हुन आए।

त्यस बखत काजी जसपाउ थापाले "लौ जवान हो, बेला यही हो" भनी सुन्याए। अनि एकैबेर सबै जनाले तरवार झिकी "जय गोरखकाली" भन्ने ठूलो शब्द गर्दै छत्तीस बाजा बजाई बहादुर राना, अभिमान अधिकारी, जादव आले, जमानसिंह कार्की, बन्दु नगरकोटीलगायत साठी असी जवानले कुडाबाट कुदी मारपीट गर्दै अंग्रेजको मोहडा भांचे। अंग्रेजहरू तीनमुख गरी भागे। गोरखालीले पाउ-भरसंम लगारी काट्दै लपेटा लिंदै जांदा अंग्रेजका लश्कर केही भीरमा परी मरे, केही भाग्दै थिए। यसै बखतमा काजी जसपाउ थापाले अब बढ्नु हुँदैन, लश्कर फिर भनी उर्दी दिंदा सरदार भैरवसिंह बस्नेतले सबै लश्कर थामे। गोरखाली फौजले लुटेका फिलंगीका फौजले हातमा लिएका बन्दूक काजीलाई बुझाएको जम्मा चार सय भए। यस लडाईंमा अंग्रेजका ३०।३२ गोरा र चार पांच सय काला फौज खती भए, घाइते यति भए भन्ने ठेगाना भएन। गोरखातर्फका २०।२५ खती भए, ५०।६० घायल भए, जित गोरखाको भयो।

त्यसै दिनका चौथा प्रहरमा पूर्वपट्टिका मुखमा दुइतर्फका फौज जोरिई लडाईं हुंदा फिलंगीका सुबेदारसमेत ४४ जना पक्रिए। रातमा २२।२३ घडी जांदासंम लडाईं भयो। गोरखाली जवान गोडे गोडे ३०।४० जनाले डेउडा हान्दा अंग्रेजका २०।२५ जवान गोरा र १००।१२० काला फौज खती भए। गोरखाका जमादार जमानसिंह कार्कीसमेत ८।१० जवान खती भए। त्यसपछि जमोठबाट काजी रेवन्त कुवर र कपतान बलभद्र कुवर पनि क्रांटाका लश्क-रमा सामेल भए। जलालखोलाबाट काजी अम्बर पन्तले "नौनीटियाका वैरीको फौज हान्ने हो" भनी मानिस पठाउंदा काजी रणजोर थापाले "तिमी यहां जाऊ सल्ला-हले जे ठहर्ला सो गरौंला" भनी पठाए। अनि अजम्मर पन्त पनि क्रांटैमा सामेल भई काजी सरदारसंग मुलाकात गरिरहेका थिए।

त्यसै बीचमा १४ कम्पनी कुरुवा रहेको नौनिटियामा ठूलो हल्ला उठ्यो। उनीहरूले सोहरा लगाई एक जनाले तीन तीन जनालाई ठोक्दा अंग्रेजका ७०० खती भए। घायलको ठेगाना रहेन। गोरखालीले गोरालाई किन हटिस्? भनी हान्दा जित गोरखाको भयो। यस लडाईंमा गोरखातर्फका भारदारहरू काजी रणजोर थापा, काजी जसपाउ थापा, काजी अजम्मर पन्त, काजी रेवन्त कुवर, कपतान वीरभद्र कुवर र सरदार भैरवसिंह बस्नेतहरू गएका थिए।

त्यसै दिन नाहानको पाल फिलंगीले उठाउन लगायो। अनि फिलंगीको मेजरले तीन चार जगेरा फौज साथमा लिई पूर्व दिशातिर गयो। धरित्रीधकेल भनेको तोप पनि नाहानबाट नौनीटियामा ल्याई गोली चलाउन लाग्यो। त्यो पूर्वतिर लागेको फौज पनि क्रांटामा चढ्यो। अनि त्यहाँ हान्नालाई काजी अजम्मर पन्त, कपतान बलभद्र कुवर र सरदार बालसुन्दर थापा गए। नौनीटियामा काजी रणजोर थापा, काजी जसपाउ थापा, काजी रेवन्त कुवर र सरदार भैरवसिंह बसेका थिए। काजी अजम्मर पन्त गए-पछि लडाईं बिग्रंदा ती काजी पक्रिए। नौनीटियापट्टि अंग्रेजले चढाईं गर्न दुःख मानी ठाउं ठाउंमा चौकी राखेर रसद बन्द गरिदियो। जिमीदारहरू पनि उसैतर्फ मिलेका हुनाले रसद रुपियांको एक माना पनि नपाइंदा रूखको बोका खाईकन पनि सिपाहीहरू ९ महीनासंम रहेका थिए।

त्यसपछि कालीकुमाङमा चैत्रका दिनमा हाँसीले चढाउ गर्दा डोटीबाट सुब्बा हस्तदल शाही गई त्यससित ठूलो लडाईं गरे। त्यहाँ जित गोरखाको भयो। हाँसीलाई पक्री साथमा लिएर सुब्बा हस्तदल शाही कुमाङमा चौतरिया बम शाहसंग सामेल हुन आए। त्यस बखतमा फिलंगीको गारत कटारको बाटो चढ्दा गणनाथका टिप्पामा उछिन्न भनी सुब्बा हस्तदल शाही, सरदार जय रोकाया र सरदार रणशूर कार्कीहरूले तीन चार सय लश्कर लिई गए। बीचबाटैमा भारी लडाईं हुंदा बिग्रन गयो र सुब्बा हस्त-दल शाही र सरदारले पांच सात सय वैरीका फौज सखाप पारी आफूसमेत त्यसै लडाईंमा परे। सरदार भक्ति थापा र सुब्बा प्रह्लाद गुरुङ आफू सूर्यगण्डीमा बसी लोहारभन्ज्या-ङमा एक एक कम्पनी फौज विकट राखेका थिए।

यस्तै अवस्थामा रातमा डांक हान्न ७ मुख गरी अंग्रेज आयो। गोरख, रामदलसमेत १०।१५ कम्पनी फौज साथ-मा लिई काजी अंबरसिंह थापा पूर्व मोहडा गरी चढे। सिंहनादसमेत ८।१० कम्पनी साथमा लिई सरदार भक्ति थापा पश्चिम मुख गरी चढे। लडाईं जोरिंदा दिनभर बन्दूकको लडाईं भयो। गोरखाको जमादार तुलवीर

खड्का, रामदलको कोतेसमेत ५०।६० जना खती भए। सरदार भक्ति थापा, जमादार भीमराज थापा, जमादार गंगाराम कार्की, जगद्दल थापासमेत हुद्दा सिपाही गरी ५०।६० घायल भए। अंग्रेजका सय छबीस खती भए। दुइ तीन सय घायल भए।

त्यसपछि त्यसै रातमा भारदारहरू सामेल भई दोहोरो पारी हान्ने सल्लाह गर्दा गोरख, रणभीमसमेत ८।१० कम्पनी साथमा लिई रात बिहाउने बखतमा काजी अम्बरसिंह थापा एक मुखबाट र सरदार भक्ति थापा, सुबेदार हृदयसिंह थापाहरू रामदल, सिंहनादसनेत ८।१० कम्पनी साथमा लिई लोहारभन्ज्याङको बाटो गरेर अर्को मुखमा चढ्दा भारी लडाईं भयो। सरदार भक्ति थापालाई गोलीको घाउ लागेको थियो तापनि कत्ति वेदना नमानी "लौ जवान हो!" भनी मुखले खूब भरोसा दिई सिपाहीहरूलाई सुन्याउंदै र बढाउंदै लगेका तथा आफू पनि बढ्दै गएका थिए। त्यस लडाईंमा आखिर रामदलको सुबेदार हृदयसिंह थापा र २०।२५ जमादार तथा तीन चार सय सिपाही खती हुंदा गोरखातर्फका लश्कर पछि हटे। अंग्रेजको साहेब जनरल गारनले "सरदार भक्ति थापा गोरखाका जमामर्दी मानिस हुन्। तिनलाई नमार्नू, पक्रेर ल्याउनू। पक्रन सकेनौ भने मात्र शिर काटेर ल्याउनू" भन्ने उर्दी दिई पक्रन पठाए। उनले पक्रन नदिई दुइ चार जवानलाई तरवार चलाएर क्षति गरे। यसले पक्रन दिएन, अब यसलाई नमारी भएन भनी तरवारले हानी सरदार भक्ति थापालाई मारे। अब शिर काटी लान्छौं भनी शिर काट्न खोज्दा सरदारका दुइ मुखिनीले सरदारलाई अंगालो हाली शिर काट्न दिएनन् र 'राम राम' पढी सती भए। अनि त्यस लासलाई दोसल्ला ओढाइदिए। त्यस लडाईंमा अंग्रेजका फौज पनि पाँच सात सय खती भए। दुइ तीन सय घायल भए।

त्यसपछि चौतरिया बम शाहले झुलघाटको सांध गरी जनरल गारनसंग घा गरे। सोही बेहोराबारको काजी अम्बरसिंह थापालाई पनि तिमीले पनि घा गर भन्ने चिठी पठाए। उनले पनि नुनिया अत्तरसंग घा गरे। अनि उनले 'गणनाथका टिप्पामा सुब्बा हस्तदल शाही पर्दा बम शाहले गारनसित घा गरेछन्। यहाँ मतर्फ सरदार भक्ति थापा पर्दा र काजी अजम्मर पन्त वैरीतर्फबाट पक्रिंदा तथा रैयत पनि अंग्रेजसंग मिल्न जाँदा यी तीन कुराले गर्दा मैले पनि नुनिया अत्तरसित घा गरें। तिमीहरूले पनि जनरल माडिल साहेबसंग घा गर" भन्ने चिठी लेखी काजी रणजोर थापा, काजी जसपाउ थापा, काजी रेवन्त कुवर, कपतान वीरभद्र कुवर, सरदार भैरवसिंह बस्नेत र बूढाकाजीलाई पठाए। गंगाराम कार्कीले चिठी लिई आउंदा उनीहरूले पनि जनरल माडिल साहेबसंग घा गरे। त्यति भएपछि ७२ साल ज्येष्ठका १० दिन जाँदा फौजले किल्ला छोडी मध्येसको बाटो गरेर डोटी डडेलधुरामा चौतरिया बम शाहकहाँ सामेल भए। अरू सबै भैभारदार नेपाल आए, चौतरिया बम शाह भने डोटीमै बसे।

७१ सालमा कर्णेल उजीरसिंह थापा भारदार र लश्करहरू लिई पाल्पाका नवकोटगढीमा बसेका थिए। कम्पूका लेफटेन अम्बर अधिकारी कम्पूका ५ पट्टि लिई, कुम्भेदान कृपासुर थापा र दलखम्ब थापा सबुजको ५ पट्टि र गुरलबक्स कम्पनीको दुइ सय जवान लिई तथा काजी वीरभंजन पांडे गोरखाका थरघर, ढाक्रे, जागीरेसमेत लिई यी तीन अफिसर बुटवलका जितपुरगढीमा बसेका थिए। त्यसै बखतमा अंग्रेजको उदै जनरलले नौ हजार गोरा नालबन्दी र फिलंगीका कर्णेल तथा कनकनिधि तेवारीका बाबुछोराका साथमा रहेका पाल्पाली फौजसमेत साथमा लिई सिंहविहारमा खलंगा हाली बसेका थिए।

त्यसका दुइ दिनपछि ज्योतिषी भगीरथ जैसीले हेरेको साइत पौष वदि १ रोज ३ का दिन उदै जर्नेल र उसका भाइ कर्णेलले पाल्पाली काजी कनकनिधि तेवारीका बाबुछोरा अगुवा पारी पाल्पाका जितपुरगढीमा चढाउ गर्दा त्यहाँ भारी लडाईं भयो। नवकोटगढीबाट सबुजको ५ पट्टि र अरू जागीरे ढाक्रे गरी सात आठ सय लश्कर साथमा लिएर कर्णेल उजीरसिंह थापा गुहार आए। कुंभेदान कृपासुर थापा, जमादार भीमसेन देउजा, जमादार सुरवीर बोहरा, जमादार जसिवन्त शाही, जमादार बुद्धिबल राना र अरू हुद्दा सिपाहीसमेत पचास साठी जवानले नंगी तरवार लिएर गढीदेखि वैराई दोहरातर्फबाट तरवार पार्दा गोरखाका कुम्भेदान कृपासुर, जमादार भीमसेन देउजा, जमादार सुरवीर बोहरा, सबुजको हवलदाररण शूर बानिया, सिपाही हंसबीर अधिकारी, थरघर नकुल बानियां, जुठे बस्नेतहरूले दुइ तीन सय वैरीको फौज नोक्सान गरी

आफूहरू पनि लडाईंमा परे। खती हुने जंमा ५०।६० जवान भए। जमादार जसिवन्त शाही, जमादार बुद्धिबल राना आदि हुद्दा सिपाहीहरूले वैरीका धेरै जवान मारी फिरे। अंग्रेजतर्फका कर्णेल साहेब र पाल्पाली काजी कनकनिधि तेवारीका बाबुछोरा, गोरा पल्टनका सय छबीस जवान र काला पाँच सात सय जवान फौज खती भए। घाइते यति भए भन्ने ठेगाना भएन। परिणाममा जित गोरखाको भयो। त्यसपछि अंग्रेज भागी उसै रात आफ्ना खलंगा सिमराहामा गई बस्यो र भोलिपल्ट बिहानीपख रातैमा भागी गयो।

यता कृपासुर थापाको खानगी खाली भएको हुनाले उनका दाजु जयसुर थापा बुटवलमा हाजिर हुँदा उनैलाई दिए। यसै साल चैत्र शुदि ८ रोज ३ का दिन अंग्रेजले २२ फणी भएको तोप त्याई कुसुमघाटमा बसेर बुटवलको दरवारमा हान्दा लाग्यो र दरवार छिन्नभिन्न पारिदिई लश्कर बुटवलमा चढायो। त्यस बखतमा गोरखाका दश बाह्र जवान सिपाही मात्र बुटवलगढीमा बसेका थिए। अरू पाँच सात सय लश्कर साथमा लिई कुम्भेदान जयसुर थापा नमकका झाडीमा बसेका थिए। अंग्रेजको अघिल्लो मोहडा बुटवलका आडमा जोरियो र गोरखालीहरूले एक सलुक लगाउदा अंग्रेजका सब फौज भागे। त्यसकारण लडाईंमा जित भयो।

शाके १७३७ मार्ग महीनामा नेपालतर्फबाट कर्णेल रणवीरसिंह थापा मुखत्यार भई क्षणपुरमा बस्न जाँदा त्यहाँबाट प्रसादसिंह बस्नेत र सरदार बखतसिंह बस्नेतले बज्रवाणी, भैरव र वीरदल पल्टन लिई बारागढी हान्न गएका थिए। मौसर नपर्दा त्यसै रह्यो। श्रीनाथ कंपू ५ पट्टि र देवीदत्त पल्टन एक फयर लिई कपतान सर्वजित थापा र लेफटेन पृथ्वी हमालले अरू धेरै फौज लिई समनपुरमा गएर रातमा डांक हान्दा दुवै ठाउंका अंग्रेजहरू साफसंग काटिए। पर्सा समनपुरमा वैरीको फौज आउंदा कपतान शमशेर राना र कपतान वीरकेशर पांडेलाई श्रीनाथ, कालीबक्स, लेवीदत्त, वीरभद्रजंग यति फौज साथमा दिएर खटाई पठाए। ७१ साल पौष वदि ६ रोज ७ मा उनीहरूले तरवार मिसी भारी लडाईं गरे। गोरखातर्फका ढाक्रेसमेत गरी सत्तरी जना खती भए। दुइ सय उनसट्टि घायल भए। वैरीतर्फका गोरा तिलंगा अठार, बनियां बगाल गरी पन्ध्र सय बाह्र जम्मा पन्ध्र सय तीस खती भए। घायलको ठेगाना भएन। यस लडाईंमा हात लागेका वैरीका खरखजाहरू मेजर गुणवन्तले हिसाब लेख्दा तोप ३, बन्दूकमा अंग्रेजी १६९, फैसली ८४, दुइनाले ५, पेस्तवल ८, कराविन १, टोटावाल लस्करी ३, कुथी अवरट लागेको समेत जम्मा ३५०, संगिन २२६, लोश थान २९, टोप १०५, किरीच ३३, भाला ९, चप्रास ३२, दुर्विन २, घडी ३, पानीघडी १, पत्थर २१२७ गोली ७०४, गट्टा १८९२, पुलटवाल २, बाँसुरी ४, कलाट १ तमोर ४, हात्ती ४, ऊंट २, पालकीला ८, चादनी ३, बनाटको चुस्ता सुरुवाल १४, मार्तवल १३, किताप ९, यति मालसामान नेपाल श्री ५ सरकारमा चढाई पठाए। जित गोरखाको भयो।

१८७१ सालमा बर्दवाणी कम्पनी लिई कपतान प्रसादसिंह बस्नेत पाल्पा गए। चौतरिया प्राण शाह, कर्णेल रणवीरसिंह थापा र काजी दलभंजन पांडेसमेत गोरख, कालीबक्स र श्रीनाथ कम्पूको तीन फयरसमेत भारी फौज लिई हिटौडामा बसेका थिए। चुरियाघांटी वैरीले लियो भन्ने खबर आउँदा ७१ साल फागुण वदि ३ रोज ६ मा कर्णेल रणवीरसिंह थापा, कपतान वीरकेशर पांडे र कपतान बखतसिंह बस्नेतलाई फौज साथ लिई लडाईं गर्न खटाई पठाए। भिक्षाखोरीको चुरियामा भारी लडाईं भयो। त्यहाँ अफिसरका बेतजवीजले लडाईं बिग्रन गयो। अनि चुरिया छोडी अलि वर घांटीमा अघि आउने कपतान वीरकेशर पांडे, कपतान बखतसिंह बस्नेत र अरू जमादार, हुद्दा, सिपाही गरी ८९ जवान र ती कर्णेल, भारदार, पल्टन, फौजहरूसमेत भई भारी लडाईं हुंदा जित गोरखाको भयो।

फेरि ७१ साल फागुण शुदि १ रोज ४ का दिन शिखरकटेरी हरिहरपुरमा अंग्रेजले चढाउ गर्दा त्यहां भारी लडाईं भयो। त्यस लडाईंमा गोरखाली फौजले अंग्रेजको फौज मारेको गन्ती गर्दा खुकुरी तरवारले मात्र मारेको गोरा ३६, काला १८, जम्मा ५४, तोप बन्दूकले मारेका र घाय लगरेका काला गोरा गरी १७०००, अरू फौज घायल २५०० ठहरिए। गोरखातर्फ खती भएका र घाइते भएका नयां गोरख कम्पनी, गोरख कालीबक्स कम्पनी, जेठा फयर, दोस्रा फयरका गोलन्दारसमेत २१७ ठहरिए। ढाक्रे भई हानमार गर्ने खती भएका र घाइते भएकाहरूलाई श्री ५ सरकारबाट बक्सेको वस्तु ७२ साल

फागुण शुदि २ रोज ५ मा मेजर गुणवन्तलाई लेखाई कपतान शमशेर रानाले बाँडिदिए ।

त्यसै अवस्थामा जनरल अख्तरलोनी साहेबले केही लश्कर लिई मकवानपुर माडीमा आएर हाम्रातर्फका वकील चन्द्रशेखर पाध्यासंग बातचित गर्दा घा सलूकको बन्दोबस्त भयो र लडाई माकुम गरी काजी बरतवारसिंह थापा र टकसारी चन्द्रशेखर पाध्याले अंग्रेजलाई लेखिदिएको करारनामाको बेहोरा यस्तो थियो:—

लिखितं काजी बख्तवारसिंह थापा, टकसारी चन्द्रशेखर पाध्या आगे मकवानपुरगढीमा चन्द्रशेखर पाध्याले अहद नाघेको क्षमा जनरल अख्तरलोनी साहेव बहादुरले हाजिर गर्दा जनरल साहेब बहादुरले फर्मायो कि यस बखतमा यो अहद मंजूर गर्नाको लाट साहेब बहादुरको हुकुम छैन यकिन वराट साहेब बहादुर लेयठ साहेब बहादुर पनि बक्सिस गर्ने छैनन् म पनि छैन । उस कुराको बिनति लाठ साहेब बहादुरले फर्माउँदा सोही बातबाट कबोल गरी काजी बख्तवारसिंह थापाले र टकसारी चन्द्रशेखर पाध्याले कबोल गरी राजीनामा लेखी जर्नेल अख्तरलोनी साहेबछेउ दाखिल गऱ्यौं इति संवत् १८७२ फागुण शुदि ५ रोज २ मुकाम मकवानपुर शुभम्.........

यति भएपछि चुरियादक्षिण कौशिकीदरियावपश्चिम उदियापूर्वको तिमीले खानू भनी उहाँको सवाल जनरल अख्तरलोनी साहेबलाई सौंपी बडा साहेबको अहदनामा पनि श्री ५ महाराजका हजुरमा चढाई पठाए । त्यसपछि तिम्रो वकिल हाम्रो दरवारमा र हाम्रो वकिल तिम्रो दरबारमा रहून् भन्ने बन्दोबस्त बांधी जनरल अख्तरलोनी साहेब लश्कर लिई आफ्ना मुलुकतिर फिरे । त्यहाँका जगा जगामा रहेका भारदार र लश्करहरू सबै लिई सेनापतिहरूले चैत्र महीनामा दरवारमा आएर श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाह बहादुरका हजुरमा हाजिर भई दर्शन गरे । ७३ साल वैशाख महीनामा अंग्रेज बहादुरको वकिल भई बालु साहेब नेपालमा आए । यहाँबाट टकसारी चन्द्रशेखर पाध्या वकिल भई कलकत्तामा गए । त्यसपछि अंग्रेजसित सिमाना सच्याउनालाई जनरल भीमसेन थापाले मानिस खटाई पठाए । बादशाही फौजसंग श्री ५ सरकारका प्रतापले यस्ता तरहसंग जगा जगामा लडाई फत्य गरी आफ्ना सिलसिलाउ (खुशीराजी) संग धाको बन्दोबस्त गरेको हुन् । अब अंग्रेजसंग सलूक भएपछि भएको करारपत्रको बेहोरा यस्तो थियो:—

बादशाह (सरकार कम्पनी) को लश्करको ठूलो सरदार औ सरकार कम्पनी अंग्रेज बहादुरका हिन्दुस्थानका मुलुकका तालुकमा भएका मुलुकको बन्दोबस्त गर्ने हिन्दुस्थानको शनैश्चरसमान दरवार भएका बादशाह कृपापूर्ण हजुरका खास वजीर ठूला नाउंका उमराउमध्ये छानिएका नवाफ मुस्तनावमु अल्ला अटिकाव असरफुल मराउलाई दमाएरा गवर्नर जनरल बहादुरले अख्तियार दिएबमोजिम कम्पनी अंग्रेज बहादुरका तर्फबाट ढाकर ठूला दर्जा भएका बढिया बडो मान पाएका मुस्तहफेज दौलामुद्द वेरुलमुलको लेफटेन कर्णेल बडासाहेब बहादुर शमशेर जंगमार्फत औ नेपालका श्री महाराज गीर्वाणयुद्धविक्रम शाह बहादुर शमशेर जंगबाट अख्तियार दिएबमोजिम तिनका तर्फबाट ठूलो र बढिया मान पाएका श्री गुरु गजराज मिश्र र टकसारी चन्द्रशेखर उपाध्यायमार्फत गरी कम्पनी अंग्रेज बहादुरको र नेपालका श्री ५ सरकारको बीचमा सलूक र मिलापको करारपत्र यो लेखिएको भई दुरुस्त भयो सरकार कम्पनी अंग्रेज बहादुरको र नेपाल सरकारका बीचमा लडाई झगडा परी गएको यो लडाई नभई अधि जस्ता तरहसंग दुवैतर्फको दोस्ती सदा सर्वदा चलिआएको थियो त्यस्तै तरहसंग सलूक मिलापको रस्ता र दोस्ती प्रीतिको बहाल बढकरार रहोस् भनी दुवैपट्टिलाई आजभोलि मंजूर छ तसर्थ तपसीलको दफा हरफबमोजिम सलूक र मिलाप गर्नाको कबोल ठहऱ्यो ।

१, सरकार कम्पनी अंग्रेज बहादुरको र नेपाल सरकारका बीचमा सलूकको दोस्तीको रस्ता र प्रीतिको दस्तूर अब उप्रान्त सदा सर्वदा बहाल बढकरार रहनेछ ।

२, लडाई नभई अधि दुवैपट्टिको सवालजवाफ परेको दुवैको तकरारी जमीनबापत नेपालको सरकारले दैया गर्न छाडीकन त्यो जमीनमा सदा सर्वदा अख्तियारी चलाउनालाई सरकार कम्पनी अंग्रेज बहादुरको हक रहेछ भनी कबोल गर्दछन् ।

३, नेपालका सरकारले यौ दफाबमोजिम तपसीलमा लेख-

एको सबै जमीन कम्पनी सरकार अंग्रेज बहादुरको अहल्कारहरूलाई सदा सर्वदा अख्तियार चलाउनालाई सपुर्द गर्दछन् ।

१, कालीनदीको र रापतीनदीका बीचमा भएको तराईको सबै जमीन ।

२, रापतीनदी र गण्डकीनदीका बीचमा भएको तराईको सबै जमीन ।

३, सरकार कम्पनी अंग्रेज बहादुरको अम्बल बन्दोबस्त चलेको अथवा चल्न लागेको गंडकीनदी र कोशीनदीका बीचमा भएको तराईको सबै जमीन ।

४, मेचीनदीका बीचमा भएका नदीका तराईको सबै जमीन ।

५, खदी औ नगरीको जमीन औ मोरङदेखि पर्वतमा माटो भएको नगरकोटको घाट औ त्यो घाट र त्यो नगरीको बीचमा भएको सबै जमीन पार गरी यति जमीनसमेत मेचीनदीका पूर्वपट्टिका पर्वतहरूका भित्रको सबै जमीन ।

४, यी सबै जमीनबाट यस करारपत्रका तारीखदेखि ४० दिनका बीचमा सरकार नेपालको फौज उठी जानेछन् । माथिका दफाबमोजिम सरकार अंग्रेज बहादुरको अहल्कारहरूलाई सपुर्द भएको जमीन छुट्टिई गएको हुनाले नेपाल सरकारका कोही कोही सरदारहरूले भारादारहरूलाई नोक्सान (घटी) पर्छ भन्ने अर्थले त्यसका सट्टाको निमित्त नेपाल सरकारबाट जुन जुन सरदारहरू भारदारहरूको नाउं लेखी भागको ठेगान लगाई आउंदा उन उन सरदार भारदारहरूका निमित्त वर्षको दुइ लाख रुपियाँ नगदको डबलसित आफ्ना सरकारबाट मुकरर गरी तिमीहरूको नाउं लेखिई आउनेबित्तिकै नवाफ असराफले उमराउ लाउन्डभाई गभर्नर जनरल बहादुरका मोहर दस्कतले तिनीहरूका भागको सनद दिएजाला भनी अंग्रेज बहादुरका अहल्कारहरू कबोल गर्दछन् ।

५, नेपाल सरकारका कालीनदीको पश्चिमपट्टि भएका सबै मुलुक आफ्ना तर्फबाट पनि आफ्ना सन्तान अंसियार नायकहरूका तर्फबाट पनि सन्तान दरसन्तान छाडी सबै तवरका दाबाबाट हात उठाई त्यस मुलुकसंग र त्यहाँ बस्नेहरूसंग कुनै तरहको इलाकार र सरोकार राख्नेछैन भनी कबोल गर्दछन् ।

६, सुखिमका राजाका हकमा त्यसको मुलुकबापत कुनै तरहको रोकटोक गर्नेछैनौ भन्ने नेपाल सरकारबाट कबोल गर्नुहुन्छ । कदाचित् सरकार नेपाल र सुखिम राजाको दुवैपट्टिका कारिन्दाहरू र रैयतहरूका बीचमा झगडा तकरार पर्‍यो भने सरकार कम्पनी अंग्रेज बहादुरको अहल्कारहरूले तेसर विजस्त फेस गरिदिनन् म त्यो कबोल मंजूर गरूंला भनी नेपालका सरकारबाट कबोल गर्दछन् ।

७, सरकार कम्पनी अंग्रेज बहादुरका अहल्कारसंग नसोधी इङलिशस्तानको मानिस भए पनि अंग्रेजको मानिस भए पनि चाकर नोकर राख्नेछैम भनी नेपालका सरकारबाट कबोल गर्नुहुन्छ ।

८, आजभोलि दुइ सरकारका बीचमा चलेको सलुक मिलापको रस्ता दोस्ती प्रीतिको दस्तूर बनियो रही दिनदिन बढ्दै जानालाइ दुवै सरकारका तर्फबाट दुवै दरबारमा वकिलहरू तैनाथ रहून् भन्ने कबोल ठहर्‍यो ।

९, यो नौ दफामा भएको करारपत्रमा यस तारीखदेखि १५ दिनका बीचमा नेपालका सरकारको मोहर दस्कत भई लेफटेन्ट कर्णेल वराट साहेब बहादुरलाई दिएजाला । औ यस करारपत्रमा लाउन्ड भाइरा गवर्नर जनरल बहादुरको दस्कत मोहर गराई २० दिनका बीचमा जति सक्यो चांडो गरी नेपाल सरकारछेउ पुर्‍याउंला भनी लेफटेन्ट कर्णेल वराट साहेबले कबोल गर्दछन् । यो करारपत्रको बेहोरा अंग्रेजी संवत् १८१५ डिसेम्बर महीनाको २ तारीख शनैश्चर वारका दिन हिजरी सन् १२३० जिहज महीनाको २९ तारीख विक्रम संवत् १८७२ सालमा लेखिएको हो ।

श्री ५ महाराजलाई तराई फिर्ता गरिदिई मुकदमामा हिनर्वेल इवार्ड गाडनर साहेब बहादुरले आफ्ना सहिछाप गरी श्री ५ सरकारमा पठाइदिंदा त्यसैबमोजिम सरकारमा मंजूर भई सिमानाबन्दी भएका करारपत्रको बेहोरा यस्तो थियो:—

नेपाल सरकारसंग मिलाप र खातिर गर्नुपर्ने हुनाले अगाडिका करारपत्रमा लेखेका जुन जुन कबोलबापत नेपाल सरकारलाई तकलीफ हुन्छ त्यो माकुम हुन पनि सक्छ भनी सरकार कम्पनी अंग्रेज बहादुरका अहलकारहरूलाई सौंपनु भई त्यो जगा बढिया रहेछ भनी बुझनुभएका तराईको मुलुक नेपाल सरकारको मन राख्नाका निमित्त फिर्ता गरिदिएको हो तर यो कुरा संझनुहोला के भने तेह्लौतको र सारंगको जिल्लामा भएका तक्राजी जमीनबाहेक औं सरकार कम्पनीका अहल्कारहरूलाई सपुर्द भएपछि जजसको हक ठहरी सरकार कम्पनीबाट बक्सिस भएको होला सो जमीनबाहेक कोशीनदी र गंडकीनदीका बीचमा भएको तराई जस्ता तरहसंग लडाईं नहुँदै अगाडि नेपालको अम्बल कबुजा तालुक रहेको हो त्यस्तै तरहसंग सबको सब फिर्ता गरिएला सरकार कम्पनीबाट मानिसहरूले पाएका जमीनलाई आफ्ना सरकारमा राख्नानिमित्त नेपाल सरकारमा मंजूर गर्नुभयो भने अर्को जमीनसंग त्यसको सट्टा गरिएला औ यो कुरा पनि संझनुहोला के भने तेह्लौत जिल्लामा धेरै दिनदेखि तक्राज परेको र तक्राजी जमीन धेरै छंदै पनि सरकार कम्पनीका अहल्कारहरूले तिह्लौत जिल्लाको तक्राजी जमीनहरूबापत अंग्रेजी १८१२ विक्रम १८६९ सालमा भएका फैसला मजूर राखी त्यसबाहेकको छोडिलियां कस्तो भने जस्ता तरहसंग उस सालमा फैसला र सवालजवाफ ठहरेको हो त्यही फैसला र सवालजवाफ आज पनि बाहाल बढकरार रहनेछ औ तक्राजी जगा र नयां सिमाना बनाउनाका निमित्त दुवैपट्टिका तजवीजले लागेको जमीनबाहेक गंडकनदीको र राप्तीका बीचमा भएको तराईको जमीन कुन भने गंडकनदीदेखि गोरखपुर जिल्लाको पश्चिम सरदसंम स्यूराज र बुटवलको तराईको जमीनसमेत पनि जस्ता तरहसंम लडाईं नहुदै अघि नेपालतालुक थियो त्यस्तै तरहसंग दरोवस्त फिर्ता गरिदिएला औ नपायुंजेल दुवै सरकारका बीचको सरहदको।बडिया डबलसंग ठेगाना लगाई दक्षिणपट्टिका जमीन सरकार कम्पनीका तालुकको औ उत्तरपट्टिका जमीन नेपाल सरकारका तालुकको छ भन्ने थाह नभई अलग दिई खानुपर्ने गरी सिमानाको पर्खाल सांध गरी बनाएदेखि बढिया हुनेछ औ कदाचित् जमीन कोही बांगो हुनाले सिमानाको पर्खाल बनाउन भएन भने मुनासिबबमोजिम कठिन नपर्ने माफिक कोही खण्ड जमीनसंग जमीनहरूले सट्टा नगर्नू औ यस सरकारका तालुकको भए पनि नेपाल सरकारका तालुकको भए पनि सिमानाका नजीकमा भएका कोही जिमीदारका जिमीदारीको केही जमीन सरहद बनाउने बेलामा दुइ सरकारका अंबलभित्र आयो भने सदा सर्वदा झगडा र दुवै अमालको टन्टा मेटाउनानिमित्त अमीनहरूले आफूसको सल्लाह बमोजिम त्यो जमीन सट्टा गरी एकै अम्बल र एकै इलाकामा राख्न औ तराई फिर्ता भएपछि नेपाल सरकारका कोही एक भारदारलाई खर्चनिमित्त तराईका सट्टामा वर्षदिनको दुइ लाख रुपियां सरकार कम्पनीबाट दिनू भनेको पनि माकुम होला भन्ने कुरा नेपाल सरकारबाट कबोल मंजूर गर्नुहोला औ तराई फिर्ता भएपछि त्यहाँ बस्ने मानिसहरू लडाईंका बखतमा सरकार कम्पनीसंग सामेल थिए भन्नेबापत तिनीहरूलाई शास्ती हुनेछैन औ कदाचित् खेती गर्ने रैयतबाहेक त्यहांका कोही मानिसले आफ्ना जिमीदारीको जमीन छाडी सरकार कम्पनीका अम्बलदारीमा जान खोजे भने त्यसलाई मनाही हुनेछैन भन्ने कुरा पनि नेपाल सरकारबाट कबोल गर्नुहोला यो सबै बेहोरा नेपाल सरकारबाट मंजूर भए यसै कागजले नाप र सिमाना खडा गर्नाको काम होला औ सिमानाको बन्दोबस्त दुरुस्त भएपछि यसै कागजमा लेखिएको बेहोराबापत दुवै सरकारका दस्कदले सनद लेखी त्यसमा दुवै सरकारको मोहर गरिदिनु गरिएला अंग्रेजी सन् १८१६ डिसेम्बर महीना विक्रम संवत् १८७३ साल पौष महीना चार तारीख आदित्यवार शुभम्-----

यस्ता तरहको बन्दोबस्त भएपछि अंग्रेजको र गोरखा सरकारको दिन दिन दोस्ती प्रीति बढेको हो। ७३ साल वैशाख महीनामा नेपालमा आएको अंग्रेजको वकिल बालु साहेबलाई शहरका उत्तरभागमा ठवहेलका समीपमा राखे। यी राजा बडा शान्त स्वभावका हुनाले वैष्णव धर्म व्रतमा रही देवतालाई बलिदान दिन आवश्यक परेको कार्यबाहेक भंगेरापर्यन्त पनि त्यसै जीवघात गर्दैनथे। खसी आदि मार हानी खान दरबारभित्र माकुम गरी भंगेरा परेवा नमार्नू, गुलेली नहान्नू, मार पनि नहान्नू भन्ने उर्दी दिंदा पनि मार हान्ने, गुलेली हान्नेहरूलाई पक्री सजाय गर्दथे। तसर्थ त्यस्तो काम गर्न पनि माकुम भयो। यी राजाले टुंडिखेलमा फलामको ढोका र लामो पाटी बनाई शोभा गराए। नेपाली संवत् ९३० सालमा हनूमानढोका सुनको ढोका गरी बनाए। नासलचोकको भित्र बाहिर सबै ठाउंमा मच्छेगाउंका ढुंगा ल्याएर छापी सुग्घर गराए।

क्रमशः